# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## गजुरी गाउँपालिका
## धादिङ

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## गजुरी गाउँपालिका

## धादिङ

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन


गजुरी गाउँपालिका

धादिङ

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलब्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
बागमती प्रदेश

मितिः २०८१।०२।१३

प.सं. २०८०।८१

च.नं. १८४

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू,

गजुरी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

गजुरी, धादिङ्ग ।

१. **कैफियत सहितको राय** - हामीले गजुरी गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. ३ करोड ६४ लाख ६९ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु. ७३ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.१ करोड १६ लाख ८६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ८१ लाख ८ हजार, नियमित गर्नुपर्ने रु.६२ लाख १२ हजार र पेश्की बाँकी रु.३ लाख ९० हजार समेत रु.३ करोड ६३ लाख ९६ हजार रहेको छ । गजुरी गाउँपालिकाको गतवर्ष सम्म रु.२७ करोड ९० लाख ६३ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको

अद्यावधिक बेरुजू रु.२८ करोड ३४ लाख ३३ हजार रहेको छ । पालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने गजुरी गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गजुरी गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

**(शंकर प्रसाद पन्थी)**

**नायब महालेखापरीक्षक**

गजुरी गाउँपालिका,

धादिङ्ग जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४३ | १४२ | ३६४६९ | ० | ३ | ७३ | ४३ | १३९ | ३६३९६ | ११६८६ | ६२१२ | १८१०८ | ० | ० | २४३२० | ३९० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| धादिङ्ग | २७९०६३ | ० | ३२०२६ | २४७०३७ | ० | ३६३९६ | २८३४३३ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९।८० (चालु वर्षको) | ३.३ | कर दायित्व रकम सम्बन्धित शिर्षकमा दाखिला गरी पेश भएको आधारमा फस्यौंट | १५०४६ |
| | | ३६ | सामाजिक सुरक्षा दोहोरो निकासा भएको रकम यकिन यरी प्रमाण पेश भएको आधारमा फस्यौंट | २४००० |
| | | ६५ | गणेशलाल श्रेष्ठलाई दोहोरो भुक्तानी रकम असुल भई फस्यौंट | ३३६६० |
| | **चालु वर्षको जम्मा** | | | **७२७०६** |
| | **गत विगत वर्षतर्फको** | | | |
| २ | २०७८।७९ | ११ | विद्यालयहरुले सेनेटरी प्याड वितरण गरी प्रमाण पेश भएको आधारमा फस्यौंट | १०४५००० |
| | | १२ | विद्यालयहरुले छात्रवृत्ति रकम वितरण गरी प्रमाण पेश भएको आधारमा फस्यौंट | ८४०००० |
| | | १३ | भानुभक्त मावि र छेपाङ माविले आइसिटिको प्रमाण पेश भएको आधारमा फस्यौंट | १३००००० |
| | | २२ | ओमबुद्ध ज्वालामुखी।हरितारा जे.भी.को पेस्की रकम फस्यौंट गरी प्रमाण पेश भएको | ११०००००० |

| | | | | |
|---|---|---|---|---|
| | | २२ | चम्पेश्वर निर्माण सेवाको पेस्की रकम फस्यौंट गरी प्रमाण पेश भएको | १९७५००० |
| | | ३६ | सामाजिक सुरक्षा बढि खर्च लेखेको रकम असुल भई फस्यौंट | ७७१४२२ |
| ३ | २०७७।७८ | १८ | ऐन विपरितको पदाधिकारी सुविधा रकम असुल भई फस्यौंट | ४२७५०० |
| | | २७ | विभिन्न निर्माण व्यवसायी तथा आमा समुह तथा संघ संस्थाको पेश्की रकम फस्यौंट भई प्रमाण पेश भएको | ३४८४००० |
| | | ३३ | शिव प्रसाद ढकालले कार्यक्रम सम्पन्न गरी प्रमाण पेश भई फस्यौंट | ६००००० |
| | | ३४ | रामहरी रेग्मीले कार्यक्रम सम्पन्न गरी प्रमाण पेश भई फस्यौंट | ४५०००० |
| | | ३९ | लघु उद्यम कार्यक्रम सम्पन्न गरी प्रमाण पेश भई फस्यौंट | २५६२४७७ |
| | | ४८ | विभिन्न सामाग्रीहरु सम्बन्धितलाई वितरण गरेको भर्पाई पेश भएको आधारमा फस्यौंट | २०४००६६ |
| | | ४७ | सामाजिक सरक्षा रकम यकिन गरी बाँकि रकम दाखिलाको प्रमाण पेश भई फस्यौंट | ३६०४३६७ |
| | | ६९ | कानुन विपरित भुक्तानी ग्रेड रकम असुल भई फस्यौंट | १९५५२० |
| | | ७० | प्रदेश संचित कोष फिर्ता गर्नुपर्ने रकम दाखिलाको प्रमाण पेश भई फस्यौंट | ४०१५० |
| | | ७१ | ल्यापटप लगायतको सामाग्री जिन्सी खातामा आम्दानी बाँधी प्रमाण पेश भई फस्यौंट | ५१४५०२ |
| | | ७३ | विवेक नेपालको नपाउने महंगी भत्ता रकम असुल भई फस्यौंट | २६००० |
| | | ३८ | संघिय संचित कोष फिर्ता गर्नुपर्ने रकम फिर्ता गरी पेश भएको आधारमा फस्यौंट | १७५९९७ |
| ४ | २०७६।७७ | ६१ | सामाजिक सुरक्षा बढि निकासा रकम असुल भई फस्यौंट | ३१४००० |
| | | ६२ | निस्क्रिय लाभग्राही रकम यकिन गरी दाखिलाको प्रमाण पेश भई फस्यौंट | ६६०००० |
| | **गत विगतको जम्मा** | | | **३२०२६००१** |
| | **कुल जम्मा** | | | **३२०९८७०७** |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

## परिचय

१ **(क) कार्यालय परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ८ वडा रहेको छ भने क्षेत्रफल २३८.६६ वर्ग किलोमिटर तथा २८ हजार ७५६ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** खापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको विनियोजन, राजश्व, धरौटी, अन्य कारोबार, आय-व्यय, प्राप्ती र भुक्तानीको स्थिति अनुसूची - १ मा संलग्न छ ।

## २ स्थानीय संचित कोष

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७९।८० को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७२ निम्न बमोजिम रहेको छः

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | गतवर्ष रु. | |
|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ६९६२७८३८०.६६ | ५६५९५९१७७.१८ | ५६५९५९१७७.१८ | ६०२६१०३६०.०६ | ६०२६१०३६०.०६ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ६७४९७७०००. | ५३८१९८६६२.६८ | ५३८१९८६६२.६८ | ५९७६४१३५३.५६ | ५९७६४१३५३.५६ |
| ११००० कर | ११ | १२७२२९०००. | १०१५३२३६३.८५ | १०१५३२३६३.८५ | १६२४३६३४६.९१ | १६२४३६३४६.९१ |
| १३००० अनुदान | | ४३३४४८०००. | ३९८८०३८७५.५७ | ३९८८०३८७५.५७ | ३६२९०३५२०.४ | ३६२९०३५२०.४ |
| संघीय सरकार | १२ | ३६५२७९०००. | ३३९६४२२११.५७ | ३३९६४२२११.५७ | ३२८०२५४२६.४ | ३२८०२५४२६.४ |
| प्रदेश सरकार | १२ | ६८१६९०००. | ५९१६१६६४. | ५९१६१६६४. | ३४८७८०९४. | ३४८७८०९४. |
| १४००० अन्य राजस्व | | ११४३०००००. | ३७८६२४२३.२६ | ३७८६२४२३.२६ | ७२३०१४८६.२५ | ७२३०१४८६.२५ |
| ख. अन्य प्राप्ति | | २१३०१३८०.६६ | २७७६०५१४.५ | २७७६०५१४.५ | ४९६९००६.५ | ४९६९००६.५ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० |
| कोषहरु | | २१३०१३८०.६६ | १३५६४७५८. | १३५६४७५८. | ० | ० |
| धरौटी | | ० | १४१९५७५६.५ | १४१९५७५६.५ | ४९६९००६.५ | ४९६९००६.५ |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ७३१२७८३८०.६६ | ५६०७६२११६.१ | ५६०७६२११६.१ | ५६१६२३०९७.९९ | ५६१६२३०९७.९९ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ७०९९७७०००. | ५३८०९९६३६.३५ | ५३८०९९६३६.३५ | ५५२७८६११३.९९ | ५५२७८६११३.९९ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ४८१७०२८६. | ३५९३५०९९.८५ | ३५९३५०९९.८५ | १५११७६१४२.४ | १५११७६१४२.४ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ३८६८३३१६७. | ३१३०५७८४८.३४ | ३१३०५७८४८.३४ | १४३९६६२७८.५९ | १४३९६६२७८.५९ |
| २६००० अनुदान | १८ | १२७१५०००. | १२७१५०००. | १२७१५०००. | १५१७०००. | १५१७०००. |
| २७००० सामाजिक सुरक्षा | १८ | ४३२३०००. | २९००७५१. | २९००७५१. | ८८९८६१०. | ८८९८६१०. |
| २८००० अन्य खर्च | १८ | २६७५५८१४. | १०४८१७४२. | १०४८१७४२. | ४५८७७११८. | ४५८७७११८. |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २३११७९७३३. | १६३००९१९५.१६ | १६३००९१९५.१६ | २०१३५०९६५. | २०१३५०९६५. |
| ३२००० वित्तीय सम्पत्ति | १८ | ० | ० | ० | ० | ० |
| घ. अन्य भूक्तानी | | २१३०१३८०.६६ | २२६६२४७९.७५ | २२६६२४७९.७५ | ५६१६२३०९७.९९ | ५६१६२३०९७.९९ |
| कोषहरु | | २१३०१३८०.६६ | १५४३७७०६.७५ | १५४३७७०६.७५ | ५१६९३६४. | ५१६९३६४. |
| धरौटी | | ० | ७२३९८१९. | ७२३९८१९. | ३६६७६२०. | ३६६७६२०. |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -१५,०४६.०० | -१५,०४६.०० | | |
| ङ. यो वर्षको बचत (न्युन) | | -३५००००००. | ५१९७०६१.०८ | ५१९७०६१.०८ | ४०९८७२६२.०७ | ४०९८७२६२.०७ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ४३०९७७४७.५७ | ४३०९७७४७.५७ | १६६२८४५५.६६ | १६६२८४५५.६६ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | -३५००००००. | ४८२९४८०८.६५ | ४८२९४८०८.६५ | ५७६१५७१७.७३ | ५७६१५७१७.७३ |
| बैंक तथा नगद बाकी | २४ | | ४८२९४८०८.६५ | ४८२९४८०८.६५ | ५०१८७३३२.७३ | ५०१८७३३२.७३ |

गाँउपालिकाले पेस गरेको वित्तीय विवरणमा समावेश नभएको खर्च शीर्षकहरू निम्नानुसार रहेका छन्:

| सि.नं. | खर्च शीर्षक | बजेट | निकासा खर्च |
|---|---|---|---|
| १. | सामाजिक सुरक्षा | ११०७९५१६८ | १०८७९६७४७ |
| २. | गरिबसँग विश्वेश्वर कार्यक्रम | ४६५००० | ४६३००० |
| | जम्मा | १११२६०१६८ | १०९२५९७४७ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## ३ वित्तीय विवरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार

लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

### ३.१ वित्तीय विवरणको यथार्थता

पालिकाको आर्थिक कार्य प्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोवार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्दछ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१०,८७,९६,७४७।- र गरिबसँग विश्वेश्वर कार्यक्रमको रु.४,६५,०००।- समेत रु.१०,९२,५९,७४७।- सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

### ३.२ फरक जिम्मेवारी

पालिकाले आफ्नो कारोवारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.४,९७,७०,०००।- मौज्दात रहेकोमा यो वर्ष रु.४,३०,९७,७४७।- जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.६६,७२,२५३।- घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ ।

### ३.३ कर दायित्व

✓ *...........(प्रारम्भिक प्रतिवेदन उपर दाखिला भई पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु.१५,०४६।- सम्परीक्षण गरिएको ।)*

### ४ व्यवसाय कर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.४,२८,१४८।०२ कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अद्यावधिक गरेको छन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मात्र सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

### ५ आय अनुमान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित

रु.२४,१५,२९,०००।- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.१३,९३,९४,७८७।११ अर्थात् अनुमान भन्दा ४२.२८ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

६ **रकमान्तर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ । साथै उपदफा ७ बमोजिम कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई खर्च गर्न नपाउने उल्लेख छ । त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३३ अनुसार विशेष कारण तथा परिस्थिति बाहेक कुनै बाध्यमात्मक अवस्थामा रकमान्तरण गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले ऐन तथा नियमावलीको व्यवस्था विपरीत रकमान्तर गर्नुपर्ने कारण तथा अवस्था उल्लेख नगरी एकपटक आवश्यकता पहिचान गरी छनौट गरेका ३ योजना तथा कार्यक्रमको रु.२,६३,८५,७४६।- रकमान्तर गरेको छ । यसरी कारण बेगर रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

७ **वार्षिक खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ मा सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने तथा नियम ८ मा वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१६,३०,०९,१९५।१६ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

८ **आवधिक योजना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नुपर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

९ **बजेट पेस, पारित र अख्तियारी**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेस गर्ने र यसरी पेस भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा

सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री शर्मिला विशुरालले २०७९।३।१० गते रु. ७० करोड ९९ लाख ७७ हजारको बजेट सभा समक्ष पेस गरेकोमा २०७९।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७९।४।१० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

## १० त्रैमासिक पुँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| सि.नं. | पुँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम | दोस्रो | तेस्रो | चौथो | |
| १ | पुँजीगतर्फ | १६३००९ | ३३०९९ | १९२५० | ३१७२४ | ७८९३६ | ३९६४९ |
| | **खर्च प्रतिशत** | **१००.००** | **२०.३१** | **११.८१** | **१९.४६** | **४८.४२** | **२४.३२** |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रु.१६ करोड ३० लाख ९ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.३ करोड ३० लाख ९९ हजार (२०.३१ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.१ करोड ९२ लाख ५० हजार (११.८१ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.३ करोड १७ लाख २४ हजार (१९.४६ प्रतिशत) र चौथो त्रैमासिकमा रु.७ करोड ८९ लाख ३६ हजार (४८.४२ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.३ करोड ९६ लाख ४९ (२४.३२ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

## ११ योजना तथा कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकताका आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरू देहायअनुसार छन्:

| क्र.सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु.१ लाखभन्दा कमको योजना | २४ | २२१०००० |
| २ | रु. १ लाख एकदेखि पाँच लाख सम्मका योजना | ६७ | १७२६८४०१ |
| ३ | रु.५ लाखदेखि १० लाख सम्मका योजना | १५ | ११९५३७१८ |
| ४ | रु.१० लाख एकदेखि ५० लाख सम्मका योजना | १५ | २९८२५००० |
| **जम्माः** | | **१२१** | **६१२५७११९** |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनाबाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

## १२ क्षेत्रगत बजेट र खर्च स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १५१७१८२०.०० | ७७१९७०९.०० | २.९१ |
| २ | सामाजिक क्षेत्र | ५९२१०६१३.०० | ४१५२४८३९.०० | १५.६३ |
| ३ | पूर्वाधार विकास क्षेत्र | १४२९१०४६७.०० | ११७८८०७३२.०० | ४४.३७ |
| ४ | सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र | १३३०००००.०० | १२१८४५२४.०० | ४.५९ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १३४९५५९८०.०० | ८६३४३५७१.०० | ३२.५० |
| **जम्माः** | | **३६५५४८८८०.००** | **२६५६५३३७५.००** | **१००.००** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये पूर्वाधार विकासमा सबैभन्दा बढी ४४.३७ प्रतिशत र आर्थिक विकासमा सबैभन्दा घटी २.९१ प्रतिशत रहेको छ ।

## १३ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था,

प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

## १४ खर्च विश्लेषण

पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रू.१,४६,७०,९३२।०३, राजस्व बाँडफाँड र अनुदानबाट रु.५५,१२,८८,२४५।१५ समेत रु.५६,५९,५९,१७७।१८ आम्दानी भएकोमा चालु तर्फ रु.३७,५०,९०,४४१।१९ र पुँजीगत तर्फ रु.१६,३०,०९,१९५।१६ र वित्तीय ब्यबस्था तर्फ रु.२,२६,६२,४७९।७५ समेत रु.५६,०७,६२,११६।१० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.६१ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.६८,५९,९७२।०६ खर्च भएको छ जुन आन्तरिक आयको ४६.७५ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६६.२८ प्रतिशत चालु र २८.८० प्रतिशत मात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरूले विकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढी खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा विकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

## १५ सेवा प्रवाह

कार्यालयबाट प्राप्त विवरण अनुसार आ.व. २०७९।८० मा पालिकाबाट निम्नानुसारको सेवा प्रवाह गरेको देखिन्छ ।

| सि.नं. | विवरण | विवरण सेवा प्राप्तिका लागि निवेदन र सिफारिस सख्या |
|---|---|---|
| १ | विवाह दर्ता | १५१२ |
| २ | जन्म दर्ता | ३७४३ |
| ३ | मृत्यु दर्ता | ८२२ |
| ४ | बसाईसराई दर्ता | ५५३ |
| ५ | सम्बन्ध विच्छेद | ७४ |

## १६ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाइएन । यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन्:

**वजेट व्यवस्थापनतर्फ**

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन नगरेको, स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची-११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यकालिन खर्चको संरचना तयार नगरेको,
- दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार नगरेको,
- स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरी सोको पालना नगरेको,
- स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको ।

**भ्रमण खर्च व्यवस्थापनतर्फ**

- भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमण अभिलेख व्यवस्थित नगरेको,
- नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने नगरेको ।

**खरिद व्यवस्थापन तर्फ**

- स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा नगरेको,
- सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ । स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेको,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,
- सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण नगरेको,
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको,
- स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख राख्ने नगरेको,

**शिक्षातर्फ**

- स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन,

- शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) - कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन नभएको,
- शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६(झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरी राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको,
- संस्थागत विद्यालयहरूको दर्ता, नविकरण, शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,
- संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा अद्यावधिक नगरेको ।

**विविधतर्फ**

- मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ.टी.डि.एस. नगरेको,
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको,
- कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद बिल भर्पाइहरुमा सिलसिलेवार नम्बर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको,
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायम गरी नियमानुसार पेश्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा सो नगरेको ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

## १७ कानुन निर्माण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस पालिकाले हालसम्म २८ वटा ऐन, २३ वटा नियमावली, १७ कार्यविधि र ६ निर्देशिका लगायत ७४ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।

## १८ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नभएको र यो वर्ष थप २४ विवाद दर्ता भएकोमा १३ वटा मात्र फस्यौंट भई ११ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## १९ पेस्की बाँकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्यौंट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न व्यक्ति तथा फर्मलाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई रु.५,१५,०००।- बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु.५,१५,०००।- फस्यौंट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्यौंट गर्नुपर्ने रु.

| क्र.सं. | पेश्की लिएको मिति | भौ.नं. | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | पेस्की बाँकी |
|---|---|---|---|---|
| १ | १२/०६/२०७९ | ११ | हेलो नेपाल कन्स्ट्रक्सन प्रा.लि | ३९०००० |

| | |
|---|---|
| पेश्की | ३,९०,००० |

## २० धरौटी फिर्ता

सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १२४(२) बमोजिम रिटेन्सन मनिको रकम सम्बन्धित आपुर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका निर्माण व्यवसायीहरुलाई धरौटी रकम फिर्ता गर्दा कर समायोजन पेश नगरेकोले सो पेश गर्नुपर्ने रु.

| भौ.नं. र मिती | व्यवसायीको नाम | रकम |
|---|---|---|
| ३।२०७९।०५।१५ | सुर्य- चन्द कन्स्ट्रक्सन कम्पनी | २५५६०० |
| ६।२०७९।०५।३१ | भलाई सप्लायर्स एण्ड एडभरटाईजिङ प्रा. ली | २०००० |
| ८।२०७९।०६।२५ | दुर्गा भवानी निर्माण सेवा प्रा. ली | ४२५७७० |
| १५।२०७९।१०।२३ | दुर्गा एस. एस जे . भि | ८३९३६४ |
| १९।२०७९।१२।८ | एस वि के निर्माण सेवा | ६३०९५३ |
| १९।२०७९।१२।८ | रुद्रेश्वर कन्स्ट्रक्सन कम्पनी प्रा. ली | ८४३३९ |

| | | |
|---|---|---|
| २०।२०७९।१२।१२ | एस. एस . इन्जिनियरिङ | ३३६४४२ |
| २२।२०७९।१२।२० | लामा ब्रदर्श कन्ट्रक्सन | २४८५२१ |
| २२।२०७९।१२।२० | पि. एस . निर्माण एण्ड सप्लायर्स | १४०४६७ |
| २३।२०८०।१।६ | पि. एस . निर्माण एण्ड सप्लायर्स | १४८६२३ |
| २६।२०८०।१।१४ | पि. एस . निर्माण एण्ड सप्लायर्स | ८४३६३ |
| ३०।२०८०।२२१ | दुर्गा एस. एस जे . भि | ४२५६१५ |
| **जम्माः** | | **३६४००५७** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३६,४०,०५७ |

## २१ दहत्तर बहत्तर आम्दानी

बागमती प्रदेश आर्थिक ऐन, २०७९ को दफा ९ मा ढुंगा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्क संकलन अनुसुची-५ मा तोकिएको दरमा नघट्ने गरी लगाइने र असुल उपर गरिने उल्लेख छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा ढिलो दाखिला गरेमा १० प्रतिशतका दरले जरिवाना गरी सो समेत दाखिला गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षण अवधिमा पालिकाले उपलब्ध गराएको विवरण अनुसार अमानतबाट दहत्तर बहत्तर संकलनका लागि सि.नं. १ देखी ७६०० सम्म १५२ ठेली नगदी रसिद छपाएकोमा ११२ ठेली प्रयोग गरी ४२ ठेली नगदी रसिद बाकीं रहेको छ । पालिकाले नगदी रसिद प्रयोग गरी रु.१,२३,५४,०८९।- (रसिद नं. १ देखि ९५० बाट रु.१५,७१,५२२।- र ९५१ देखि ५५५० बाट रु.१,०७,८२,५६७।-) आम्दानी गरेकोमा रु.९१,६०,३८७।- को बैंक दाखिला भएको भौचर पेश भएको देखिन्छ । आम्दानि र बैंक दाखिलामा रु.३१,९३,७०२।- फरक देखिएकोले हिसाब मिलान गरी पेश गर्नुपर्ने अन्यथा १० प्रतिशत जरिवाना समेत असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३१,९३,७०२ |

## २२ कर तथा असुली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | १५०००००० | ६७७२२७३ | ४५.१४ |
| घरजग्गा वहाल कर | २०००००० | १८८७७२२ | ९४.३८ |
| व्यवसाय कर | ५०००००० | ४२८१४८ | ८.५६ |

| | | | |
|---|---|---|---|
| वहाल विरौटी शुल्क | ५००००० | १०७५०३ | २१.५ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

## २३ पारीश्रमिक कर

आयकर ऐन, २०५८ को दफा ८७(१) मा प्रत्येक बासिन्दा रोजगारदाताले रोजगारीबाट कुनै कर्मचारी वा कामदारले प्राप्त गरेको आयको गणना गर्दा समावेश गरिने नेपालमा स्रोत भएको कुनै रकम भुक्तानी गर्दा अनुसूची-१ बमोजिमका दरले हुने भूक्तानीमा करकट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले ५० प्रतिशत प्रोत्साहन भत्ता पाउने निम्नानुसार कर्मचारीहरुको पारिश्रमिक भुक्तानीमा रु.१,९९,५५१।- कर कट्टा गरेको नदेखिएकोले असुल गरी संघीय संचितकोषमा दाखिला गर्नुपर्ने रु.

| कर्मचारीको नाम | कर योग्य आय | पारिश्रमिक कर | कैफियत |
|---|---|---|---|
| शा अ राजु अधिकारी | ९०३०५३ | ४०६१० | ना ल कोष कट्टा नभएको |
| अ सातौं भिमसेन विष्ट | १०७१९९५ | ७४३९९ | ना ल कोष कट्टा नभएको |
| अ सातौं शिव प्रसाद पौडेल | ९०९७१९ | ४१९४३ | ना ल कोष कट्टा नभएको |
| अ छैटौ एकिन्द्र प्रजा | ८२११४५ | २४२२९ | ना ल कोष कट्टा नभएको |
| ले पा संगिता सापकोटा | ७३५७५२ | १३५७५ | ना ल कोष कट्टा नभएको |
| स चौंथो रविन दाहाल | ६४७९४९ | ४७९५ | ना ल कोष कट्टा भएको |
| **जम्माः** | | **१९९५५१** | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,९९,५५१ |

## २४ प्रोत्साहन भत्ता

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६(१) मा स्थानीय सेवाको गठन, संचालन व्यबस्थापन, सेवाको शर्त तथा सुविधा सम्बन्धि आधारभुत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६(२) मा स्थानीय सेवाको गठन, संचालन तथा व्यबस्थापन, सेवाको शर्त तथा सुविधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यबस्था छ । पालिकाले शा.अ. राजु अधिकारी, ले.अ. अमृत पौडेल, अ.सातौं भिमसेन विष्ट, अ.सातौं शिव प्रसाद पौडेल, ई. एकिन्द्र प्रजा, ले.पा. संगिता सापकोटा, स.चौं. सबिना दाहाल र रोजगार संयोजक समेत ८ जना कर्मचारीहरुलाई तलबको ५० प्रतिशत प्रोत्साहन भत्ता निर्धारण गरी रु.१९,४७,७००।- भुक्तानी गरेको छ । पालिकाले प्रोत्साहन भत्ता वितरण गर्दा आफ्नो कार्य क्षेत्र, आन्तरिक राजश्व संकलन क्षमता, खर्चको आकार आदिलाई मध्यनजर गर्दै प्रोत्साहन

भत्ता कार्यविधि निर्धारण गरी कार्यसम्पादन मुल्याङ्कनका सुचकहरुको आधारमा मात्र सम्बन्धित कानुन बनाएर खर्च गर्नुपर्नेमा सो नगरी प्रोत्साहन भत्ता भुक्तानी गरेकोले नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १९,४७,७०० |

२५ **करार कर्मचारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) मा पालिकाले प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था छ । सो बिपरीत पालिकाले अधिकृत छैठौं स्तर देखि सहायक चौथो स्तरका समेत गरी ३९ जना करारमा कर्मचारी नियुक्ती गरी रु.१,१६,६१,३२५।- खर्च गरेको छ । प्रदेश लोकसेवा आयोगमा रिक्त दरबन्दिको माग पठाई योग्यता प्रणालीको आधारमा कर्मचारी नियुक्ती गरिनु पर्दछ ।

२६ **महंगी भत्ता**

नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७९।१।१५ को निर्णय अनुसार सबै निकायमा कार्यरत स्वीकृत दरबन्दी भित्र रहेका करार कर्मचारीहरुको सेवा सुविधामा एकरुपता कायम गर्न अर्थ मन्त्रालयको पत्र संख्या ३६५।०३।०७८।७९ चलानी नं १७१९ मिति २०७९।१।२१ को परिपत्रमा करार कर्मचारीले महंगी भत्ता नपाउने व्यबस्था गरेको छ । पालिकाले करार कर्मचारीहरु रोजगार संयोजक, रोजगार सहायक, प्राविधिक सहायक, सुचना प्रविधि अधिकारी, रेनिसा अधिकारी, सरिता चेपाङ र अस्थायी कर्मचारीहरु अप्सरा बर्तौंता र महेश प्र न्यौपाने समेत ८ जनालाई महंगी भत्ता रु.१,९२,०००।- भुक्तानी गरेको देखियो । यसरी निर्देशिका विपरितको नियममा उल्लेख नभएको महंगी भत्ता भुक्तानी रकम नियमसम्मत नभएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,९२,००० |

२७ **तलबी प्रतिबेदन**

निजामती सेवा ऐन, २०४९ को दफा ७ को २(ख) मा कार्यालयले तलबी प्रतिबेदन पारीत नगराई तलब खर्च लेख्न नमिल्ने कुरा उल्लेख छ । साथै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.१८, मिति २०७६।५।१८ को पत्रबाट स्थानीय तहका कर्मचारी र संघबाट कामकाजमा खटिएका कर्मचारीको हकमा सम्बन्धित जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिबेदन पारीत गराउनु पर्ने स्पष्ट निर्देशन रहेकोमा पालिकाले तलबी प्रतिबेदन पारीत नगराई २७ जना स्थायी कर्मचारीहरुको तलब तथा ग्रेड बापतको भुक्तनी गरेको रु.१,८५,८४,०१६।- सम्बन्धमा यकिन गर्न सकिएन । तसर्थ ऐन तथा निर्देशन बमोजिम तलबी प्रतिबेदन पारीत गराएर मात्र खर्च लेख्नु पर्दछ ।

२८ **बेरितको कर विजकः**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ मा मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकिएको ढाँचाको कर बिजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले रित पूर्ककको कर बिजक बेगर देहायका सप्लायर्स तथा फर्मबाट सामान तथा सेवा खरिद गरी रु.७,९६,३९७।- भुक्तानी गरेको छ । तसर्थ उक्त

सप्लायर्स तथा फर्मले रितपूर्वकको कर बिजक बेगर पालिकाबाट भुक्तानी लिएको मुल्य अभिवृद्धि कर रु.९१,६२०।- को कर समायोजन गरेको प्रमाण पेस हुनुपर्ने रु.

| भौ.नं. र मिति | सप्लायर्स | भुक्तानी रकम | मु अ कर रकम |
|---|---|---|---|
| ९५६, ३।१९ | आकार ईन्जिनियरिङ्ग सोलुशन एण्ड कन्स्ट्रक्सनलाई २०८०।३।१९ मा विजक नं ८ हातले लेखेको भ्याट नं ६०९७४१३४२ | ४७४६०० | ५४६०० |
| | ईन्टरग्रेटेर्डेन प्लानिङ सोलुशन एण्ड प्रालिलाई ३।१ मा विजक नं १ फोटोकपी बिल | ३२१७९७ | ३७०२० |
| **जम्मा** | | | **९१६२०** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९१,६२० |

२९ **कार्यसम्पन्न प्रतिवेदन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरेको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार गरेको कार्यस्वीकार प्रतिवेदन तयार गर्नुपर्ने र नियम १२५ मा खरिद सम्झौता बमोजिम निर्माण कार्यको कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले भौ.नं. ४९।२०८०।३।१७ बाट देहायका विद्यालयहरुलाई आइसिटी ल्याब स्थापना गर्न रु.१३,००,०००।- उपलब्ध गराएकोमा लेखापरीक्षण अवधिसम्म पनि आइसिटी ल्याब स्थापना भएको प्रमाण पेस नभएकोले सोको कार्यसम्पन्न प्रतिवेदन पेस हुनुपर्ने रु.

| सि.नं. | विद्यालयको नाम | रकम |
|---|---|---|
| १ | छेपाङ्ग आ.वि. | ६५०००० |
| २ | थुम्किडाँडा आ.वि. | ६५०००० |
| **जम्मा** | | **१३००००० ** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,००,००० |

३० **गाउँपालिका भवन निर्माण**

गाउँपालिका भवन निर्माण गर्न रू.४,२६,११,५१२।२० को लागत अनुमानमा ओम बुद्ध ज्वालामुखी जे.भी.सँग मिति २०७८।१।२४ मा सम्झौता भएको थियो । सुरुमा १६ महिनामा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएपनि नगरसभाबाट २०८०।९।२४ गते म्याद थप भएको छ । आर्थिक वर्षको अन्तसम्म रू.४,२६,११,५१२।२० खर्च भएको विवरण पेस भएको छ । भवनको भौतिक अवलोकन गर्दा तोकिएको

समयमै कार्य सम्पन्न हुने अवस्था देखिँदैन । समयमै कार्यसम्पन्न गराउनेतर्फ पालिकाको विशेष पहल हुनुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:



(क) मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ मा मूल्य अभिवृद्धि कर दर्ता भएको फर्मले अनुसूचीमा उल्लेख भए अनुसारको रितपूर्वकको बिजक जारी गर्नुपर्दछ । जे.भी.ले रीतपूर्वकको बिल जारी नगरेको हुँदा पालिकाबाट भुक्तानी लिएको मूल्य अभिवृद्धि कर सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दाखिला गरेको प्रमाण पेस गर्नुपर्ने अन्यथा असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रू.

| भौ.नं. र मिति | बिल रकम | मू.अ. कर रकम | जम्मा | ७० प्रतिशतले हुने मू.अ. कर |
|---|---|---|---|---|
| ९३।२०७९।६।१३ | ३५३९८२३ | ४६०११७ | ४०००००० | ३२२१२४ |
| ९७।२०७९।६।१३ | ११५०४४३ | १४९५५८ | १३००००० | १०४६९१ |
| ११२।२०७९।७।२८ | २४०६८२७ | ३१२८८७ | २७१९७१४ | २१९९२१ |
| ५७३।२०८०।३।१२ | ६०९१४१८ | ७९१८८४ | ६४८३३०२ | ५५४४१९ |
| **जम्मा** | | | **१४५०३०१६** | **१२०११५५** |

(ख) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख छ । सम्झौतामा उल्लेख भएको वि.ओ.क्यू. र ठेक्का बिलमा बीमा खर्च वापत रू.२,००,०००।- भुक्तानी दिएको छ । ठेक्काको म्याद थप भएपछि त्रुटी सच्चाउने अवधिसम्म अर्थात् मिति २०८१।९।२४ सम्मको DLP म्याद भएको बीमा पोलिसी सहित रकम तिरेको प्रमाण पेस गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १४,००,२५५ |

## ३१ कार्यसम्पन्न प्रतिवेदन नभएको

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरेको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा सोको प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । देहायका फर्मबाट सामान प्राप्त भएकोमा उक्त सामान प्रयोग भएको कार्यसम्पन्न प्रतिवेदन पेश नभएकोले सोको प्रमाण पेस हुनुपर्दछ ।

| भौ.नं. र मिति | सामान आपूर्तको नाम | विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ११।२०७९।१०।५ संघीय | पार्वती ट्रेडर्स | सोलार बत्ति, व्याट्री लगायत | ४८३०७५ |
| १२९।२०८०।२।१६ प्रदेश | डुअल म्यूजिक सेन्टर एण्ड साउण्ड सर्भिस | सोलार बत्ति, व्याट्री लगायत | ९७३८३५ |
| **जम्माः** | | | **१४५६९१०** |

## ३२ ठेक्का व्यवस्था

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिश्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा १२.१७ देखि ४८.२६ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| क्र.सं. | योजनाको विवरण | ठेक्का नं. | बोलपत्रदाता | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | चिउरीखर्क धर्मेचौर जोरबंशे | 02/079/080 | Hello Nepal Construction Pvt.Ltd Thapagaun, | १९४११६३१.३५ | १००४३४१६.३२ | ४८.२६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सडक निर्माण | | New Baneshwor - Kathmandu | | | |
| २ | राम बहादुर पण्डित मार्ग | 05/079/080 | Civil Contruction Bhanktapur | ११६८९४२३.२२ | ७२९४२६५.११ | ३७.६ |
| ३ | सोलार बत्ती जडान कार्य | 01/079/080 | Builders and Suppliers Pvt.Ltd., Gajuri-06, Dhading | ५८२३३८६.४ | ३२३२७०४. | ४४.४८ |
| ४ | रैकर कुलो सिंचाई | 03/079/080 | SBK Nirman Sewa , Gajuri-1 , Dhading | ६४६५४०२. | ५०४७७६८.९९ | २१.९३ |
| ५ | डाडागाउ मजुवा खानेपानी | 04/079/080 | Palvice Construction, and supplier Pvt. Ltd,<br>Tripureswore-2, Dhading | ७३०५९००. | ५७३२५२१.१९ | २१.५३ |
| ६ | पोखरी गदाल खा.पा. | GRM/W/SQ-01/079/080 | Palvice Construction, and supplier Pvt. Ltd,<br>Tripureswore-2, Dhading | १६५५९४१.६५ | १४५४३९३.०३ | १२.१७ |

## ३३ औषधि खरिद

पालिकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नुपर्दछ । आपूर्ति हुने औषधि वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । यसवर्ष पालिकाले देहायका फर्मसँग रु.१३,२५,८२९।- को औषधि खरिद गरेको देखिन्छ । आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

| **भौ.नं. र मिति** | **औषधिको नाम** | **भुक्तानी रकम** |
|---|---|---|
| १०४।२०८०।२।३ | मड्रिड मेडिसिन सप्लायर्स | ९७६१५७ |
| १०।२०७९।७।३० | मड्रिड मेडिसिन सप्लायर्स | ३४९६७२ |
| **जम्माः** | | **१३२५८२९** |

## ३४ बैङ्क जमानतको म्याद

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा निर्माण व्यवासायीको काबु बाहिरको परिस्थिति भएमा म्याद थप गर्न सकिने उल्लेख छ । साथै यसरी म्याद थप गर्दा नियम ११०(४) अनुसार राख्नुपर्ने

बैङ्क जमानत पनि त्रुटि सच्चाउने दायित्व (DLP) को अवधि अर्थात् काम सक्नुपर्ने अवधि भन्दा कम्तीमा १ महिना बढी अवधिको हुनुपर्ने उल्लेख छ । चिउरी खर्क धर्मेचौर जोर वट्टा सडक मिति २०८०।३।२० मा निर्माण सम्पन्न गर्ने गरी सम्झौता भएकोमा (रू.१,००,४३,४१३।८६) ल.ई.को कुल जम्मा ४८.२६ प्रतिशत कम र बैङ्क जमानतको म्याद समेत थप नभएको हुँदा यथाशिघ्र कार्यसम्पन्न गर्न लगाई त्रुटि सच्चाउने अवधि भन्दा कम्तीमा १ महिना बढी अवधि भएको सम्झौता अनुसार राखुपर्ने बैङ्क जमानत रू.३७,३३,०००।- निर्माण व्यवसायीलाई राख्न लगाई सोको प्रमाण पेस गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३७,३३,००० |

३५ **जनश्रमदान**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेस गर्नुपर्ने उल्लेख छ । देहायका उपभोक्ता समितिले बाटो मर्मत गर्न सम्झौता गरी रकम लिएको फाँटवारी परीक्षण गर्दा उपभोक्ताले पूर्ण रुपमा मेसिन प्रयोग गरी बाटो निर्माण गरेको देखियो । यसरी मानिसको श्रम प्रयोग नगरी मेसिनबाट मात्र बाटो निर्माण गर्दा कार्यबिलमा नर्म्स अनुसारको रकम उल्लेख गरेपनि कम मूल्यमा काम सम्पन्न गरेको देखिन आयो । सम्झौता अनुसार उपभोक्ताले कम्तीमा १५ प्रतिशत योगदान गर्नुपर्नेमा योगदान रकम भुक्तानी लिएको देखिँदा उपभोक्ताबाट उपभोक्ताले गर्नुपर्ने अंश असुल गरी संचितकोषमा दाखिला गर्नुपर्ने रू.

| **भौ.नं. र मिति** | **उपभोक्ता समितिको नाम** | **कार्यसम्पन्न** | **वास्तविक खर्च** | **दिनुपर्ने भुक्तानी** | **भुक्तानी** | **उपभोक्ताको अंश** |
|---|---|---|---|---|---|---|
| ५१४।२०८०।३।९ | वडा नं. ४ सडक पुनः सरसफाई समिति | ५९९८०१ | ४७३४८८ | ४०२४६५ | ४७०००० | ६७५३५ |
| ५१२।२०८०।३।१ | वडा नं. ४ सडक पुनः सरसफाई समिति | ६५०४३७ | ४५९९५४ | ३९०९६० | ५१४१०० | १२३१४० |
| **जम्माः** | | | | | | **१९०६७५** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,९०,६७६ |

३६ **दोहोरो निकासा**

✓ *..........(प्रारम्भिक प्रतिवेदन उपर सामाजिक सुरक्षा दोहोरो निकासा रकम यकिन गरी प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु.२४,०००।- सम्परीक्षण गरिएको ।)*

## ३७ निस्कृय खाता

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा नं. २६ को उपदफा ३ अनुसार एक आर्थिक वर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैङ्कबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्बन्धित बैङ्कबाट लगत कट्टा हुने मितिसम्मको रकम सम्बन्धित लाभग्राहीलाई भुक्तानी गरी सो मितिभन्दा पछिको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष ५ वटा बैङ्क मार्फत वितरण गरेकोमा यो आर्थिक वर्षमा कार्यविधि अनुसार रकम एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण पेस गरेको छैन । लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको भए कार्यविधि अनुसार लगत कट्टा गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

## ३८ दहत्तर बहत्तर आय

पालिकाले ११ पटक बोलपत्र आह्वान गरी ढुङ्गा, गिट्टी, बालुवा लगायतका सामग्रीको संकलन तथा बिक्री वितरण गरेवापत कर संकलन आदित्य एण्ड आदेश कन्स्ट्रक्सन (६१००७०९१२) सँग मूल्य अभिवृद्धि करबाहेक रू.३,११,११,१११।- प्राप्त हुने गरी मिति २०७९।१०।२३ गते सम्झौता भएको थियो । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्ः

३८.१ कर संकलकसँग भएको सम्झौता अनुसार मूल्य अभिवृद्धि करबाहेक पहिलो किस्ता सम्झौता अनुसार रू.९३,५०,०००।- सम्झौता अगावै अर्थात् २०७९।१०।२२ गते, दोश्रो किस्ता २०७९ चैत्र मसान्तमा रू.१,०८,८०,५५५।- र तेश्रो किस्ता २०८० ज्येष्ठ मसान्तसम्म रू.१,०८,८०,५५६।- बुझाउने गरी सम्झौता भएकोमा देहाय अनुसार ढिलो बुझाएको हुँदा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(२) अनुसार १० प्रतिशतका दरले जरिवाना असुल गरी संचित कोषमा दाखिला गर्नुपर्ने रू.

| किस्ता | बुझाउनुपर्ने मिति | रकम | बुझाएको मिति | रकम | ढिला दिन | जरिवाना |
|---|---|---|---|---|---|---|
| पहिलो | २०७९।१०।२२ | ९३५०००० | २०७९।१०।२२ | ९३५०००० | ० दिन | ० |
| दोश्रो | २०७९।१२।३० | १०८८०५५५ | २०८०।१।१९ | १०००००००० | १९ दिन | ५२०५४ |
| | | | २०८०।३।१३ | ६०००००० | ७३ दिन | १२०००० |
| तेश्रो | २०७९।२।३० | १०८८०५५६ | २०८०।३।२१ | २०००००० | २१ दिन | ११५०७ |
| | | | २०८०।४।१५ | ३१०११११ | ४५ दिन | ३८२३२ |
| | | | २०८०।४।१६ | ३७५००० | ४६ दिन | ४७२६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | २०८०।४।१७ | २८५००० | ४७ दिन | ३६७० |
| **जम्माः** | | **३११११११११** | | **३११११११११** | | **२३०१८९** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,३०,१८९ |

३८.२ **ढिलो मू.अ. कर दाखिला/नपुग कर**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(२) अनुसार समयमै राजश्व नबुझाएमा १० प्रतिशतका दरले जरिवाना असुल गरी संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । कर संकलकले देहाय अनुसारको रकममा बुझाउनुपर्ने मूल्य अभिवृद्धि कर ढिलो बुझाएको तथा कम बुझाएकोले ऐन अनुसार लाग्ने जरिवाना हिसाब गरी संघीय संचित कोषमा बुझाउनुपर्ने रू.

| किस्ता | रकम | बुझाउनुपर्ने अन्तिम मिति | जरिवाना र छुट रकम | बुझाएको मिति | रकम | ढिला दिन | जरिवाना |
|---|---|---|---|---|---|---|---|
| प्रथम | ९३५०००० | २०७९।११।२५ | १२१५५०० | २०७९।१२।२६ | १२२४९०६ | ० | |
| दोश्रो | १०८८०५५६ | २०८०।१।२५ | १४१४४७२ | २०८०।१।२५ | ८५९३०० | ० | |
| | ० | | ० | २०८०।१।१७ | ५९२०७२ | २२ | ३५६९ |
| तेश्रो | १०८८०५५६ | २०८०।३।२५ | १४१४४७२ | – | ० | ० | |
| **जम्माः** | **३११११११२** | | **४०४४४४४** | | **२६७६२७८** | | **३५६८।६५** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,५६८.६५ |

३८.३ पालिकाले बुझाउन बाँकी मूल्य अभिवृद्धि कर संकलकसँग असुल गरी पालिकाको आफ्नै स्थायी लेखा नं. (२०१३१३२६४) बाट रू.१३,६८,१६६।- र मूल्य अभिवृद्धि कर ऐन, २०५२ अनुसारको जरिवाना समेत असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,६८,१६१ |

३८.४ मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा पालिकाले ढुङ्गा, गिट्टी, बालुवा आदिबाट आफुले प्राप्त गरेको मूल्य अभिवृद्धि कर आफैं आफ्नै नामबाट संघीय संचित कोषमा कर दाखिला गर्नुपर्दछ । देहायका मूल्य अभिवृद्धि कर कर संकलकले उठाएको मूल्य अभिवृद्धि कर कर संकलककै प्यान नं बाट दाखिला गरेको देखियो । पालिकाले कार्यालयमा प्राप्त भएको मूल्य अभिवृद्धि कर संघीय संचित कोषमा दाखिला नगरी कर संकलककै प्यान नं. मा दाखिला गरी दिँदा कर संकलकलाई दोहोरो लाभ भएको अवस्था छ । यस सम्बन्धमा पालिका प्रमुखलाई समेत जिम्मेवार बनाई छानविन गरी मूल्य अभिवृद्धि कर ऐन, २०५२ अनुसार लाग्ने जरिवाना समेत हिसाब गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| क्र.सं | कर संकलकको नाम | क्षेत्र | किस्ता | सम्झौता रकम (मू.अ. कर समेत) | राजश्व दाखिला | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | रकम | स्थायी लेखा नं | राजश्व दाखिला शीर्षक नं. |
| १ | आदित्य एण्ड आदेश निर्माण सेवा | | | | २६७६२७८ | ६१००७०९१२ | ३३३१४ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २६,७६,२७८ |

## ३९ राजस्व

पालिकाले दहत्तर बहत्तरको राजस्व संकलन गर्न मू.अ. कर बाहेक रू.१२,६०,००,०००।- न्यूनतम मूल्य राखी ३० दिनको बोलपत्र आह्वान गरेकोमा बोलपत्र नपरी मूल्य घटाई रू.८,२६,२०,०००।- सातौं पटक ७ दिने सूचना प्रकाशित गरेकोमा निम्नानुसार व्यहोरा देखियोः

३९.१ सातौं पटकको सूचना अनुसार एकमात्र कर संकलक इरोज निर्माण सेवा(५०००३६८६) ले रू.८,२७,७७,७७७।- कबोल गरी बोलपत्र दर्ता गरेको देखिन्छ ।

- कर संकलकले कृषि विकास बैङ्कको रू.५०,००,०००।- को विड वण्ड राखेको ।
- मिति २०७९।४।१६ गते सम्झौता गरी पाउँ भनी रू.१,००,००,०००।- कार्यालयमा दाखिला गरेको ।
- सम्झौता भन्दा अगाडि नै पालिकाले ऐन र नियमावलीले व्यवस्था गरेको भन्दा अलग तरिकाले अस्थायी कर संकलन गर्न मिति २०७९।४।१६ देखि ४।३० सम्म अस्थायी अनुमति दिई निजले कर संकलन गरेको ।
- पुनः कार्यालयले मिति २०७९।४।२९ गतेसम्म अस्थायी कर संकलन गर्ने अनुमति पत्र दिएको । त्यस लगत्तै मिति २०७९।५।१७ सम्म कर संकलन गर्न स्थायी अनुमती पत्र दिएको देखिन्छ । यसबाट मिति २०७९।४।१६ बाट २०७९।५।१७ अर्थात् १ महिना कर संकलकले अस्थायी अनुमति लिएर राजस्व संकलन गरेको देखियो । तत्पश्चात कार्यालयले आफैंले कर संकलन गरेको विवरण पेस गरेको छ ।

३९.२ बोलपत्रमा उल्लेख भएअनुसार कर संकलकले पालिकामा बुझाएको रू.१,००,००,०००।- मा मू.अ. कर ऐन, २०५२ अनुसार लाग्ने मू.अ. कर रू.१३,००,०००।- र ऐन अनुसार लाग्ने जरिवाना समेत हिसाब गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,००,००० |

३९.३ पालिकाले १० औं पटकसम्म बोलपत्र नपरेपछि पनि गत विगतमा संकलन भएको राजस्वको तुलनामा न्यून राजस्व उठाउने गरी शुरु अनुमान रु.१२,६०,००,०००।- बाट रू.३,००,००,०००।- (२३.८१ प्रतिशत) घटाई टेण्डरबाटै राजस्व संकलन गरेको छ । कार्यालयबाटै राजस्व उठाउने न्यूनतम पहल समेत नगरी संवेदनशील स्थानमा रहेको क्षेत्रबाट न्यून राजस्व उठाउने गरी सम्झौता गर्ने कार्य प्रति प्रश्न उठाउनुपर्ने स्थिति रहेको छ । यसतर्फ कार्यालयले स्पष्ट जवाफ दिनुपर्दछ ।

३९.४ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८ बमोजिम बोलपत्रमा उल्लेख भएअनुसार सम्झौता नगरी एकतर्फी रुपमा काम गर्न छाडेमा निजले राखेको विडवण्ड रू.५०,००,०००।- जफत गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्नेमा कार्यालयले विडवण्ड फुकुवा गरी दिएको देखिन्छ । विडवण्ड फुकुवा गर्ने पदाधिकारी एवम् पालिका प्रमुखलाई समेत जिम्मेवार बनाई कर संकलकबाट असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५०,००,००० |

## ४० आन्तरिक लेखापरिक्षणबाट औंल्याएका बेरुजु कायम

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ र ७८ अनुसार कार्यालयले देहाय बमोजिम आन्तरिक लेखापरीक्षणमा समावेश भएका बेरुजुहरू अन्तिम लेखापरीक्षणसम्म असुल फर्स्योट गरेको देखिएन । उक्त बेरुजु लेखापरीक्षणको क्रममा यकिन गरी निम्नानुसार कायम गरिएको छ ।

### ४०.१ हेभी इक्विपमेण्टको प्रयोग

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, डोजर जस्ता हेभी मेशिनरी उपकरण प्रयोग गर्न नमिल्ने व्यवस्था छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनामा उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएको छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन्ः

| सि.नं. | उपभोक्ता समितिको नाम | लागत अनुमान | पालिकाबाट भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण |
|---|---|---|---|---|
| १ | गजुरी राम बजार भदौरे सडक गत को दायित्व | ५ करोड | ४४ लाख | स्काभेटर |
| २ | देउराली बगौती धोविखोला सडक | १२ लाख | १२ लाख | जे.सी.वि. |
| ३ | साडीखोला मानेभञ्ज्याङ सडक | २५ लाख | २५ लाख | स्काभेटर/जे.सी.वि. |
| ४ | कभडहल गलौदी | १० लाख | १० लाख | जे.सी.वि. |
| **जम्मा** | | | **७६ लाख** | |

नियमावलीको ब्यवस्था अनुरुप कार्य गराउनुपर्दछ ।

४०.२ **करारका कर्मचारीको सेवा सुविधा**

स्थानीय तहका कर्मचारी सेवा शर्त तथा सुविधा सम्बन्धी कानून निर्माण गरेर मात्र कर्मचारीको सेवा सुविधा दिन पाइने व्यवस्था रहेको छ । कार्यालयले देहाय बमोजिम उक्त मापदण्ड पालना नगरी करार सेवाका कर्मचारीहरुलाई रु.७४,०००।- महंगी भत्ता भुक्तानी गरेकोले असुल गर्नुपर्ने रू.

| सि नं | नाम थर | पद | महिना | रकम रु |
|---|---|---|---|---|
| १ | रेनिशा अधिकारी | कृषि प्राविधिक | १२ महिना | २४००० |
| २ | सरिता चेपाङ | कृषि प्राविधिक | १२ महिना | २४००० |
| ३ | रामसरण डल्लाकोटी | अभिलेख प्रशासक | ४ महिना | ८००० |
| ४ | बिष्णुमाया प्रजा | न्यायिक सहजकर्ता | ४ महिना | ८००० |
| ५ | सुवास घिमिरे | सुचना अधिकृत | ५ महिना | १०००० |
| **जम्मा** | | | | **७४०००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७४,००० |

४०.३ **स्वीकृत दरबन्दी भन्दा बढी कर्मचारी**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा बढी पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । तर गाउँपालिकाको न्यायीक समितिको शाखामा प्रदेश सरकारबाट नियुक्ति एक जना कर्मचारी हुँदा हुदै निम्नानुसार थप कर्मचारी नियुक्ति गरी रू.८,३३,५२०।- भुक्तानी भएकोले नियमसम्मत नदेखिएको रू.

| क्र.सं. | पद | कर्मचारीको नाम | मासिक | जम्मा भुक्तानी |
|---|---|---|---|---|
| १ | न्यायिक सहजकर्ता | विष्णुमाया प्रजा | ३४७३० | ४१६७६० |
| २ | अभिलेख प्रशासक | रामशरण डल्लाकोटी | ३४७३० | ४१६७६० |
| **जम्मा** | | | | **८३३५२०** |

| | |
|---|---|
| अनियमित भएको | ८,३३,५२० |

४१ **विद्यालय इन्टरनेट खर्च**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. २.७.१३.१० को क्रियाकलाप ५.१ बमोजिम सुचना तथा संचार प्रविधिमा आधारित शिक्षण सिकाई व्यवस्थापन गर्न सामुदायिक विद्यालयहरुमा इन्टरनेट जडान र जडित इन्टरनेट शुल्क

भुक्तानी गर्न प्रति विद्यालय वार्षिक रु.१२,०००।- का दरले अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले यस वर्ष ३२ वटा विद्यालयहरुलाई भौ.नं. १७८।२०७९।११।३० बाट रु.३,८४,०००।- इन्टरनेट जडान तथा जडित इन्टरनेट शुल्क भुक्तानीको लागि रकम निकासा गरेको देखियो । पालिकाले इन्टरनेट जडानको बिल पेश गर्न लगाई इन्टरनेट जडान गरेको तथा सो बमोजिम सुचना प्रविधिमा आधारित शिक्षण सिकाई व्यवस्थापन गरेको एकिन हुनुपर्दछ । विद्यालयहरुले इन्टरनेट जडान तथा जडित इन्टरनेट शुल्क भुक्तानीको बिल भर्पाई पेश नगरेकोले सो पेश गर्नुपर्ने रु.

| सि.नं. | विद्यालयको नाम | रकम |
|---|---|---|
| १ | आदर्श मा.वि. | १२००० |
| २ | डोलभन्ज्याङ मा.वि. | १२००० |
| ३ | गजुरीपिंडा मा.वि. | १२००० |
| ४ | करान्चोक मा.वि. | १२००० |
| ५ | महेन्द्रदोय मा.वि. | १२००० |
| ६ | भानुभक्त मा.वि. | १२००० |
| ७ | किरान्चोक कटुन्जे मा.वि. | १२००० |
| ८ | पतालिनि आ.वि. | १२००० |
| ९ | छेपाङ आ.वि. | १२००० |
| १० | भुमेकालि आ.वि. | १२००० |
| ११ | पिण्डेश्वरी मा.वि. | १२००० |
| १२ | इन्द्रयणी आ.वि. | १२००० |
| १३ | पन्चकन्या आ.वि. | १२००० |
| १४ | थुम्कीडाँडा आ.वि. | १२००० |
| १५ | कंकालिनि आ.वि. | १२००० |
| १६ | सरस्वती आ.वि. | १२००० |
| १७ | मानेभन्ज्याङ्ग आ.वि. | १२००० |
| १८ | महादेव आ.वि. | १२००० |
| १९ | पुकुन आ.वि. | १२००० |
| २० | बागेश्वरी मा.वि. | १२००० |
| २१ | जुनतारा आ.वि. | १२००० |

| | | |
|---|---|---|
| २२ | रक्तकाली आ.वि. | १२००० |
| २३ | रिठ्ठाबोटे आ.वि. | १२००० |
| २४ | रिठुकादेवी आ.वि. | १२००० |
| २५ | सेती देवि आ.वि. | १२००० |
| २६ | सुन्दर आ.वि. | १२००० |
| २७ | केउरीनि आ.वि. | १२००० |
| २८ | बागेश्वरी आ.वि. | १२००० |
| २९ | आइले आ.वि. | १२००० |
| ३० | जनचेतना आ.वि. | १२००० |
| ३१ | सन्तानेश्वर आ.वि. | १२००० |
| ३२ | बाघसुन्दर आ.वि. | १२००० |
| **जम्माः** | | **३८४०००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,८४,००० |

४२ **शिक्षक तलबी प्रतिवेदन**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० बमोजिम स्थायी शिक्षकहरुको तलबी प्रतिवेदन शिक्षा विकास तथा समन्वय इकाई मार्फत विद्यालय शिक्षक किताबखानाबाट पारित गराई तलब भत्ता भुक्तानी गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष तलबी प्रतिवेदन पारित नगरी तलब खर्च गरेकोले स्थायी शिक्षकहरुको तलब भत्ता, ग्रेड रकम यकिन गर्न सकिएन । तलब भत्ता खर्च गर्दा तलबी प्रतिवेदन पारित गरेर मात्र गर्नुपर्दछ ।

४३ **शुन्य दरबन्दी**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. २.७.१३.४१ मा आधारभुत कक्षा तह ६-८ संचालित विद्यालयमा अङ्ग्रेजी, गणित र विज्ञान जस्ता अनिवार्य विषयमा शिक्षक व्यवस्था गरी विद्यार्थी सिकाई उपलब्धि अभिवृद्धि गर्न शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधि, २०७८ तथा दरबन्दी मिलानको प्रतिवेदन अनुरुप कुनै पनि दरबन्दी वा राहत अनुदान नभएका (शुन्य दरबन्दी) भएका विद्यालयलाई न्यूनतम १ शिक्षक बराबरको अनुदान उपलब्ध गराउने व्यवस्था छ । साथै विद्यार्थी संख्या अधिक भएका विद्यालयमा स्थानीय तहले शिक्षक व्यवस्था गर्न सक्ने व्यवस्था छ । पालिकाले यस वर्ष आदर्श मा.वि.को लागि निम्न माध्यमिक तहमा ५ जना र माध्यमिक तहमा ९ जना दरबन्दी रहेको अवस्थामा पनि १ जना निम्न माध्यमिक तहका शिक्षक

पुष्पा ढुवाडी नियुक्ति गरी महिनाको रु.३०,२००।- का दरले १२ महिनाको रु.३,६२,४००।- भुक्तानी गरेकोले अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३,६२,४०० |

४४ **शिक्षण सिकाईमा आईसिटिको प्रयोग**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. २.७.१३.१३ को क्रियाकलाप ९.७ बमोजिम स्थानीय तहले इन्टरनेटको पहुँच भएका तथा विद्युतको नियमित आपूर्ति भएका विद्यालयहरुको विवरण तयार गरी माध्यमिक तहमा गणित, अङ्ग्रेजी र विज्ञान विषय पढाइरहेका, कम्प्युटर ऐच्छिक विषयका रुपमा अध्यापन गराएका एवम शिक्षकको ICT को माध्यमबाट शिक्षण गर्न सक्ने क्षमता र तत्परता खुल्ने प्रस्ताव पेश गर्न लगाउने र ती छनौट भएका विद्यालयहरुलाई गणित, अङ्ग्रेजी र विज्ञान विषयका Kits र Networking Internet आदि व्यवसथापन गर्न लागउँदा आपवश्यक पर्ने फर्निचर, कम्प्यूटर, उपकरण, विद्युतिय अन्तरक्रियात्मक श्रव्य दृश्य सिकाई सामग्री व्यवस्थापन गर्न सुनिश्चितता कायम गरी एकमुष्ठ रुपमा अनुदान निकासा दिने व्यवस्था छ । साथै विद्यालयहरुले खरिद ऐन नियम अनुसार सिकाई सामग्रीहरु खरिद गरेपश्चात बिल भर्पाई तथा जिन्सी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने व्यव्स्था छ । पालिकाले यस वर्ष २ वटा विद्यालयहरुलाई ICT वापत एकमुष्ठ रु.६,५०,०००।- का दरले भौ.नं.१७८।२०७९।११।३० बाट रु.१३,००,०००।- भुक्तानी गरेकोमा विद्यालयहरुले बिल मात्र पेश गरेको र जिन्सी दाखिला, फोटो लगायत कागजात पेश नगरेकोले ICT ल्याव स्थापना भयो वा भएन यकिन गर्न नसकिएकोले सो पेश गर्नुपर्ने रु.

| सि.नं. | विद्यालयको नाम | निकासा रकम |
|---|---|---|
| १ | थुम्कीडाँडा मा.वि. | ६५०००० |
| २ | छेपाङ मा.वि. | ६५०००० |
| **जम्माः** | | **१३०००००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,००,००० |

४५ **कक्षा ८ परीक्षा संचालन तथा प्रमाणीकरण**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. २.७.१३.५१ को क्रियाकलाप १५.१ बमोजिम स्थानीय तहले आधारभुत तह कक्षा ८ परीक्षा संचालन तथा प्रमाणीकरण सम्बन्धी मापदण्ड, २०७६ को परीधिभित्र रही परीक्षाको स्तरीयता, प्रमाणीकरण र एकरुपता कायम हुने गरी परीक्षा समिति मार्फत संचालन गर्ने, सामुदायिक विद्यालयका विद्यार्थीसंग शुल्क वापत कुनै रकम नलिने र परीक्षालाई स्तरीकृत गरी अभिलेख व्वस्थापन तथा विद्यार्थीलाई प्रमाणपत्र वितरण गर्ने व्यवस्था छ । जसको लागि विद्यालयलाई प्रति विद्यार्थी रु.२७५।- दरले रकम उपलब्ध गराउने र स्थानीय तहले खर्च गर्न सक्ने व्यवस्था छ । साथै परीक्षालाई थप व्यवस्थित बनाउन स्थानीय तहले बजेट व्यवस्था गर्न सक्ने उल्लेख छ । पालिकाले यस वर्ष मिति २०७९।१२।६ देखि

१४ सम्म कक्षा ८ परीक्षा संचालन गरी भौ.नं २३३।२०८०।१।६ बाट रु.३,४१,९१०।- खर्च गरेकोमा पुनः प्रति विद्यार्थी रु.२७५।- का दरले निम्नानुसार विद्यालयहलाई रु.७४,७००।- निकासा गरेकोले असुल गरी संघिय संचित कोष दाखिला गर्नुपर्ने रु.

| सि.नं. | विद्यालयको नाम | रकम |
|---|---|---|
| १ | आदर्श मा.वि. | ११००० |
| २ | डोलभन्ज्याङ मा.वि. | ७६०० |
| ३ | गजुरीपिंडा मा.वि. | ३२०० |
| ४ | किरान्चोक मा.वि. | १०५०० |
| ५ | महेन्द्रदोय मा.वि. | ५८०० |
| ६ | भानुभक्त मा.वि. | ४४०० |
| ७ | किरान्चोक कटुन्जे मा.वि. | ३२०० |
| ८ | पतालिनि आ.वि. | ३००० |
| ९ | छेपाङ आ.वि. | ४४०० |
| १० | भुमेकालि आ.वि. | २४०० |
| ११ | पिण्डेश्वरी मा.वि. | २८०० |
| १२ | इन्द्रयणी आ.वि. | ४४०० |
| १३ | पन्चकन्या आ.वि. | २००० |
| १४ | थुम्कीडाँडा आ.वि. | ६००० |
| १५ | कंकालिनि आ.वि. | ३२०० |
| १६ | भद्रकाली विद्या आश्रम | ८०० |
| **जम्माः** | | **७४७००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७४,७०० |

## ४६ सेनिटरी प्याड खरिद

सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम विद्यालयहरुले छात्राहरुको संख्या यकिन गरी आवश्यक पर्ने सेनिटरी प्याड शिक्षा शाखा मार्फत माग गर्ने र शिक्षा शाखाले स्थानीय तहमा भएको शैक्षिक व्यवस्थापन सुचना प्रणालीको तथ्यांकसंग भिडान गरी विद्यालयलाई आवश्यक हुने संख्यामा

सेनिटरी प्याड उपलब्ध गराउनुपर्ने र विद्यालयले प्राप्त गरेको सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा व्यवस्थित रुपले राखुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सामुदायिक विद्यालयको कक्षा ६ देखि १२ सम्मका छात्राहरुका लागि भौ.नं. ६३।२०७९।६।२७ बाट ७५०० प्याकेट, भौ.नं. ३४३।२०८०।२।२७ बाट ४००० प्याकेट र भौ.नं. ३४५।२०८०।२।२७ बाट ५०१० प्याकेट गरी १६५१० प्याकेट निशुल्क सेनिटरी प्याड खरिद गरी रु.११,७०,३३५।- भुक्तानी गरेकोमा १०६०० प्याकेट विद्यालयहरुलाई हस्तान्तरण गरेको फाराम पेश गरेको र ५९१० प्याकेट बाँकी रहेको देखिन्छ । आर्थिक वर्षको सुरुमै खरिद गरी विद्यालयको मागको आधारमा वितरणको व्यवस्था मिलाउनुपर्नेमा विभिन्न मितिमा ३ पटक खरिद गरेको पाइयो । पालिकाले प्याडको सुरक्षित भण्डारण गरी विद्यालयको माग बमोजिम निकासा दिने, वितरणको अभिलेख राखे नराखेको सम्बन्धमा अनुगमन गर्ने र वर्षान्तमा रहेको मौज्दातको आधारमा नै आगामी आर्थिक वर्षको लागि आवश्यक परिमाणको यकिन गरी खरिद गर्नुपर्ने व्यवस्था मिलाउनुपर्दछ । साथै बाँकि रहेको मौज्दात विद्यालयको माग बमोजिम हस्तान्तरण गरी वितरण गरेको भर्पाई समेत माग गर्नुपर्ने देखिन्छ ।

## ४७ दिवा खाजा

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. २.७.११.१ मा स्थानीय तहले सामुदायिक विद्यालयको प्रारम्भिक बालबिकास कक्षा देखि कक्षा ६ सम्ममा अध्यनरत विद्यार्थीहरुको लागि विद्यालयमा उपस्थिति हाजिरीको आधारमा प्रति विद्यार्थी रु.१५।- को दरले १८० दिनको लागि त्रैमासिक रुपमा दिवा खाजाको रकम निकासा दिने व्यवस्था छ । पालिकाले विद्यार्थीहरुको उपस्थिति हाजिरी विद्यालयका प्रधानाध्यापक र विव्यस अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या एकिन भएपश्चात मात्र त्रैमासिक रुपमा निकासा गर्नुपर्नेमा IEMIS को विद्यार्थी संख्याको आधारमा भौ.नं. १११।२०७९।८।२२ बाट ७५ दिनको रु.४८,७४,६२५।-, भौ.नं. १७८।२०७९।११।३० बाट ५५ दिनको रु.३५,७४,७२५।- र भौ.नं. २७९।२०८०।२।३० बाट ४० दिनको रु.२५,३१,३७५।- गरी ४५ सामुदायिक विद्यालयको खातामा रु.१,०९,८०,७२५।- निकासा गरेको छ । विद्यालयले दिवा खाजाको बिल र दैनिकी हाजिरी विवरण पेश गरेको देखिन्छ । दिवा खाजा त्रैमासिक रुपमा विद्यार्थीहरुको उपस्थिति हाजिरी पुस्तिका विद्यालयका प्रधानाध्यापक र विव्यस अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या यकिन भएपश्चात निकासा गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

## ४८ भ्रमण खर्च

भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ मा सरकारी कामको सिलसिलामा मुलुकभित्र आफ्नो कार्यालय भन्दा बाहिर भ्रमणमा वा काजमा खटिएका पदाधिकारी वा कर्मचारीले भ्रमण खर्च पाउने उल्लेख छ । पालिकाले निम्नानुसार कर्मचारीहरुलाई भ्रमण खर्च रु.१०,५००।- उपलब्ध गराएकोमा कार्यालयको हाजिरी रजिष्टर जाँच गर्दा हाजिरी देखिएको, बिदामा बसेकोले सो अवधिको भ्रमण खर्च रकम असुल गर्नुपर्ने रु.

| सि.नं. | कर्मचारी | भ्रमण अवधि | भ्रमण उद्देश्य | रकम |
|---|---|---|---|---|
| १ | | २०७९।१२।१० देखि १२।१२ | विभिन्न वडा कार्यालय कामकाज | ३५०० |

| | | | | |
|---|---|---|---|---|
| | विभिन्न कर्मचारी | २०७९।१२।२४ देखि १२।२६ | काठमाडौं कामकाज | ३५०० |
| | | २०७९।११।५ देखि ११।८ | विभिन्न वडा कार्यालय कामकाज | ३५०० |
| **जम्माः** | | | | **१०५००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,५०० |

## ४९ प्रमाण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार भौ.नं. बाट रु.५,७३,९९९।- खर्च गरेकोमा सो खर्च पुष्ट गर्ने कागजात पेश नभएकोले सो पेश गर्नुपर्ने रु.

| भौ.नं. र मिति | विवरण | रकम |
|---|---|---|
| १८०।०७९।११।३० | आधारभुत तहका स्वीकृत दरवन्दीका शिक्षकहरुका लागि तलब भत्ता अनुदान शिर्षकबाट | ३३५७९९ |
| ३७४।०८०।३।९ | प्रारम्भिक बालबिकास सहजकर्ताको पारिश्रमिक थप शिर्षकबाट | २३८२०० |
| **जम्मा** | | **५७३९९९** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,७३,९९९ |

## ५० शिक्षक दरबन्दी र पदपूर्ति

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस पालिका अन्तर्गत ४० वटा विद्यालयमा १८० जना शिक्षक दरबन्दी भएकोमा १७८ जना पदपूर्ति र पदपूर्तिमध्ये ९० जना करार/राहत शिक्षक रहेको देखिन्छ । दरवन्दी अनुसार पदपूर्ति हुनुपर्दछ । ति विद्यालयहरुमा विद्यालय तथ्याङ्क अनुसार कुल विद्यार्थी संख्या ६३७६ रहेको देखिन्छ । विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएको विद्यालयबाट कम शिक्षक भएको विद्यालयमा शिक्षकको दरवन्दी मिलान एंव न्यून विद्यार्थी भएको विद्यालयहरु सम्भाव्यताको आधारमा समायोजन गर्नुपर्दछ ।

## ५१ मेड्पा कार्यक्रम

गरिबि निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को बुंदा नं. ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरु परल मूल्यको पचास प्रतिशत छुट मूल्यमा सहभागीहरुलाई बिक्री गर्ने तथा यसरी बिक्री हुन नसकेमा सम्भव भएसम्म

बिक्री वितरण वा प्रचार प्रसारको लागि कोसेली घर, सौगात गृह, बिक्री कक्ष वा प्रदर्शनी स्थलमा पठाउने र पठाउँदा पनि बिक्री नभएमा विवरण सहित कार्यालयमा बुझाई सात दिनभित्र स्टोर दाखिला गर्नुपर्ने व्यवस्था छ । यसरी बिक्री पश्चात प्राप्त रकम कार्यालयले तोकेको राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष ५ दिने डल्ले चारपाटे तथा झोल साबुन बनाउने, १५ दिने मखमलको जुत्ता चप्पल बनाउने लगायतका तालिम संचालन गरी रु.१९,००,०००।- भुक्तानी गरेकोमा के कति सामान वा वस्तुहरु उत्पादन भए र सो बिक्री भए वा भएन यकिन गर्न सकिएन । सो यकिन गरी ती वस्तु तथा सामानहरु बिक्री गरी राजस्व खातामा दाखिला गर्नुपर्दछ ।

## ५२ प्रशिक्षक पारिश्रमिक कर

आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम पारिश्रमिक भुक्तानीमा १५ प्रतिशतका दरले कर कट्टि गर्ने व्यवस्था छ । पालिकाले भौ.नं. ३९७।२०८०।३।१७ बाट विभिन्न तालिम संचालन गरी गोमा ढकालको रु.६,००,०००।-, विश्व प्रसाद पौडेलको रु.६,००,०००।- र कृष्ण कुमालको रु.७,००,०००।- पेश्की फस्यौंट गरेकोमा पारिश्रमिक वापत रु.३,९०,०००।- भुक्तानी भएकोमा १५ प्रतिशत कर रु.५८,५७५।- कट्टि नगरेकोले असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५८,५७५ |

## ५३ पारिश्रमिक कर

आयकर ऐन, २०५८ को दफा ८ मा प्राकृतिक व्यक्तिको सो आय बर्षको रोजगारीबाट प्राप्त पारिश्रमिक गणना गर्दा तलब, भत्ता लगायतका रोजगारीका सम्बन्धमा गरिएका सबै प्रकारका भुक्तानी समाबेश गरिने र कुल करयोग्य आयबाट छुट तथा कट्टा गर्न पाउने रकम कट्टा गरी बाँकी करयोग्य आयमा दफा ८७ बमोजिम पारिश्रमिक कर कट्टा गर्नुपर्ने ब्यबस्था छ । कार्यालयले निम्नानुसार कर्मचारीहरुलाई पारिश्रमिक भुक्तानी गर्दा रु.९,६४०।- पारिश्रमिक कर कट्टि नगरेकोले सो असुल गर्नुपर्ने रु.

| सि.नं. | पद र नाम | कुल आय | कर योग्य आय | कट्टा गर्नुपर्ने कर | कट्टा गरेको कर | दाखिला गर्नुपर्ने कर |
|---|---|---|---|---|---|---|
| १ | अधिकृत छैठौं सुविधा ढुवाडी | ८६०७४० | ६४३२६० | ९२९४ | ५७४४ | ३५५० |
| २ | अधिकृत छैठौं राम कुमार श्रेष्ठ | ८४९६७५ | ६३०५२१ | ९०५२ | ६७१४ | २३३८ |
| ३ | अधिकृत छैठौं कृष्ण जंग थापा | ८०३९१० | ६३४९९६ | ९५०० | ५७४८ | ३७५२ |
| **जम्माः** | | | | **४७४०३** | **२२८२६** | **९६४०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,६४० |

## ५४ ओबिओटि तलब

एक गाउँ एक पशु सेवा प्राविधिक व्यवस्थापन कार्यविधि, २०७३ तथा एक गाउँ एक कृषि प्राविधिक व्यवस्थापन कार्यविधि, २०७३ बमोजिम रा.अन. द्धितिय श्रेणी प्राविधिक सहायक पदमा करामा नियुक्ति कर्मचारीहरुलाई कृषि तथा पशुपन्छी विकास मन्त्रालयको च.नं. ३७ पत्र संख्या २०७९।८० मिति २०७९।५।८ को पत्र अनुसार नेपाल सरकार सचिवस्तर मिति २०७७।२।२० को निर्णयानुसार आर्थिक वर्ष २०७९।८० मा ६ महिनाको तलब र चाडपर्व खर्चको लागि बजेट विनियोजन गरिएको र ६ महिनाको तलब स्थानीय तहले साझेदारी गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष २ जना प्राविधिक सहायक नियुक्ति गरी विभिन्न भौचरबाट महिनाको रु.३२,९०२।- का दरले १२ महिना, चाडपर्व, महंगी भत्ता र पोशाक समेत रु.९,०७,४५२।- खर्च गरेको देखिन्छ । ६ महिना साझेदारी गर्नुपर्नेमा संघीय शसर्तबाट रु.८,००,०००।- खर्च गरेको देखिएकोले यकिन गरी रु.३,४६,२७४।- साझेदारी गरेको प्रमाण पेश गर्नुपर्दछ ।

## ५५ एमआईएस तलब

नेपाल सरकारबाट मिति २०७६।४।८ मा स्वीकृत सेवा इकाईका लागि जनशक्ति छनौट सम्बन्धी मापदण्ड, २०७६ को बुंदा नं. ३ मा स्थानीय तहमा रहने सेवा इकाईको लागि रा.प.अन. प्रथम श्रेणी सरहको एम.आई.एस. अपरेटर र रा.अन.द्धितीय श्रेणी सरहको फिल्ड सहायक पदको व्यवस्था गरेको छ । प्रत्येक स्थानीय तहमा एक-एक जना एम.आई.एस. अपरेटर र फिल्ड सहायक रहने साथै तिस हजार भन्दा बढि जनसंख्या भएका नगरपालिकामा थप १ जना एम.आई.एस. अपरेटर र १३० वर्ग किलोमिटर भन्दा बढि क्षेत्रफल भएका स्थानीय तहमा थप १ जना फिल्ड सहायक रहने व्यवस्था छ । पालिकामा जम्मा २८७५६ जना जनसंख्या र १३८.६६ वर्ग किलोमिटर क्षेत्रफल रहेकोमा २ जना एम.आई.एस. अपरेटर र २ जना फिल्ड सहायक राखी तलब भत्ता भुक्तानी गरेको देखिन्छ । पालिकाले मापदण्ड विपरित आन्तरिक श्रोतबाट तलब भत्ता खाने गरी १ जना थप एम.आई.एस. अपरेटर राखी रु.४,६१,४९०।- भुक्तानी गरेकोले थप व्ययभार परेको रु.

| | |
|---|---|
| अनियमित भएको | ४,६१,४९० |

## ५६ सहभागी भत्ता

अर्थ मन्त्रालयबाट स्वीकृत भई जारी भएको कार्य संचालन निर्देशिका, २०७७ को बुंदा नं ७.१.१५ बमोजिम सार्वजनिक निकायले संचालन गर्ने कार्यक्रममा सहभागीहरुलाई दैनिक रु.७००।- का दरले भत्ता प्रदान गर्ने व्यवस्था छ । पालिकाले विद्यालयका शिक्षकहरुलाई ५ दिने कम्प्यूटर तालिम संचालन गरी भौ.नं. ४६।२०७९।६।५ बाट शिक्षा प्रमुख भिमसेन विष्ट मार्फत ३२ जना सहभागीहरुलाई रु.१,०००।- का दरले ५ दिनको रु.१,६०,०००।- भुक्तानी गरेको देखिन्छ । सहभागीहरुलाई रु.७००।- का दरले ५ दिनको रु.१,१२,०००।- भुक्तानी गर्नुपर्नेमा रु.४०,८००।-(कर पछि) बढि भुक्तानी गरेकोले असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४०,८०० |

## ५७ २० प्रतिशत सहभागिता

गरिबि निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को बुंदा नं. ४१ मा उद्यमीलाई प्रविधि हस्तान्तरण गर्दा प्रविधिको कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको कुल अंकको कम्तीमा २० प्रतिशत रकम जम्मा गर्न लगाई बढिमा ८० प्रतिशत रकम मात्र कार्यालयले आपूर्तिकर्तालाई भुक्तानी गर्नुपर्ने उल्लेख छ । पालिकाले प्रविधि हस्तान्तरण अन्तर्गत विभिन्न तालिम संचालन गरी भौ.नं. ३९७।२०८०।३।१७ बाट निम्नानुसार सामानहरु खरिद गरी वितरण गरेकोमा २० प्रतिशत रु.१,७३,६३५।- उद्यमीबाट उठाई राजस्व दाखिला गर्नुपर्ने रु.

| सि.नं. | प्रविधिको विवरण | परिमाण | रकम भ्याट समेत | २० प्रतिशत रकम |
|---|---|---|---|---|
| १ | जस्ता | ४८ बण्डल | ४७०२६० | ९४०५२ |
| २ | १००० लिटर टैंकि | ६ वटा | ७१८६८ | १४३७३ |
| ३ | ओपिसि सिमेन्ट | ६० बोरा | ४४७४८ | ८९५० |
| ४ | रड | १०० किलो | ११३०० | २२६० |
| ५ | दुना टपरी मेसिन | २ वटा | २७०००० | ५४००० |
| **जम्माः** | | | **८६८१७६** | **१७३६३५** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,७३,६३५ |

## ५८ अन्य संस्था सहायता

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। लेखापरीक्षणको क्रममा नमुना छनौट गर्दा पालिकाले यस वर्ष देहायका भौचरबाट निम्न संस्थालाई अनुदान दिएको नियमसंगत देखिएन ।

| क्र.सं. | भौ.नं. र मिति | संस्था | प्रयोजन | भुक्तानी |
|---|---|---|---|---|
| १ | ६।०७९।५।१३ | गजुरी रुद्रेश्वर आमा समूह | तीज विशेष कार्यक्रम | ५००००० |
| २ | ८८।०७९।६।२ | गजुरी सामुदायिक विकास समाज | फुटबल प्रतियोगिता | १००००० |
| ३ | १७४।०७९।७।१६ | सरस्वती महिला समूह | तीज कार्यक्रम | १९७००० |
| ४ | २०१।०७९।७।२३ | पञ्चकन्या लिफ्ट खानेपानी तथा सरसफाई उ.स. | पानी तान्ने मेसिन खरिद | १२८२२५ |
| ५ | १९६।०७९।७।१८ | गजुरी सामुदायिक विकास समाज | क्रिकेट टिमको लागि खेल सामाग्री | ८०००० |
| **जम्मा** | | | | **१००५२२५** |

| | |
|---|---|
| अनियमित भएको | १०,०५,२२५ |

## ५९ प्रशिक्षण भत्ता बढी दरमा भुक्तानी

अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका, २०७७ को बुँदा नं. ७.१.१५ मा जिल्लास्तरीय तालिम कार्यक्रममा आन्तरिक प्रशिक्षकलाई कार्यपत्र बापतको पारिश्रमिक प्रति सेसन रु.७०० का दरले दिने व्यवस्था छ । यस पालिकाले रेविज दिवस उपलक्ष्यमा कार्यक्रम सञ्चालन गरेबापत देहायका आन्तरिक प्रशिक्षकलाई बढी दरमा भुक्तानी भएको रु.३,५७०।- सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु.

| प्रशिक्षक | कक्षा संख्या | कक्षा दर | बढी भुक्तानी(कट्टी पछि) |
|---|---|---|---|
| ना.प्रा.स. रेनिसा अधिकारी | २ | १००० | ५१० |
| प.से.प्रा. अस्मिन खुलाल | ३ | १३०० | १५३० |
| प.स्वा.प्रा.सन्देश श्रेष्ठ | ३ | १३०० | १५३० |
| **जम्माः** | | | **३५७०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,५७० |

## ६० प्रमाण पेश गर्नुपर्ने

६०.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले २७।२०७९।१२।६ बाट २०० वटा अशोकका विरुवा खरिद गरी निलकण्ठ लाइभस्टक पोल्ट्री एण्ड बिज भण्डारलाई रु.३४,०००।- भुक्तानी गरेको छ । संलग्न फाँटवारीमा खरिद आदेश नभएको, के प्रयोजनका लागि खरिद भएको हो, कहाँ रोपियो, वितरण गरेको भए सोको भरपाई लगायतका व्यहोरा खुल्ने प्रतिवेदन संलग्न नभएकोले ती बिरुवाको अवस्था यकिन गरी सो पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३४,००० |

६०.२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले भौ.नं. ३।२०७९।५।३१ बाट सिंचाई कुलो निर्माण बापतको

भुक्तानी भनी रु.६१,९८८।- बैंक नगदी किताबमा खर्च उल्लेख गरेकोमा सोको गोश्वारा भौचर सहितको फाँटवारी पेश नभएकोले सो पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६१,९८८ |

६१ **प्रधानमन्त्री स्वरोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत कुलो निर्माण, गोरेटो बाटो निर्माण, ढुङ्गा सोलिङ, साझेदारीमा विद्यालय योजना सञ्चालन गरी यस वर्ष ११६ जनालाई ९० दिनदेखि १०० दिनसम्म रोजगारी उपलब्ध गराई रु.७९,७६,६८३।- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तबरले कार्य सञ्चालन गर्नुपर्दछ ।

६२ **पूँजिगत प्रकृतिका खर्च**

सार्वजनिक खरिद ऐन, २०६३ को नियम २४(२) मा सरकारी रकम खर्च गर्दा साधनस्रोतको उच्चतम् प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी गर्नुपर्ने व्यबस्था छ । पालिकाले निर्माणसंग सम्बन्धित कार्यहरुको खर्चलाई चालु शिर्षकमा समावेश गरी भुक्तानी गरेको देखियो । पालिकाले उपयोगिता सृजना गर्ने, अधिकतम प्रतिफल दिने दीर्घकालिन योजनाहरुको छनौट गरी सिमित स्रोतको उच्चतम सदुपयोग तथा गुणस्तरका लागि निर्माणसंग सम्बन्धित कार्यलाई पूँजिगत शिर्षकमा समावेश गरी भुक्तानी गर्नुपर्दछ । यसका केही उदाहरण यस प्रकार रहेको छ ।

| भौ.नं. र मिति | कार्य | खर्च रकम |
|---|---|---|
| ८५७, ३।५ | थुम्की डाडा खानेपानी निर्माण | १९४०००० |
| ९६१, ३।१९ | किरान्चोक मा वि मर्मत | ५२८००० |
| ७६३, २।१० | वडा नं ६ बाटो ढलान कार्य | २४२५००० |
| ६२९, १।१२ | वडा नं २ बाटो ढलान कार्य | ९७०००० |
| ५०२, १२।८ | पोखरी देउराली तिरासी नाङ्गी सडक स्तरउन्नति | ७२७५०० |
| २४३, ८।१५ | पंचकन्या आ वि पर्खाल तथा घेरावार निर्माण | ६७२७९३ |

## ६३ पाईप खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ को (१)ख मा सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तबिक कार्य सम्पादनको आधारमा रकम भुक्तानी गर्नुपर्ने उल्लेख छ । पालिकाले निम्न बमोजिमका पाईप तथा जस्ता पाता खरिद गरि वितरण गरेकोमा वितरित पाईप तथा जस्ता पाताहरुको प्रयोग तथा नापी मुल्यांकन सहितको विवरण संलग्न भएको देखिएन । खरिद भएका पाईपहरु र जस्ता पाताहरु कसलाई, कुन स्थानमा र कति मात्रामा प्रयोग भएको हो सोको कार्य प्राविधिक मुल्यांकन सहितको कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु.

| भौ.नं. र मिति | विबरण | कैफियत | भुक्तानी रकम |
|---|---|---|---|
| ९५६, ३।१९ | ७, ८ र ९ गेजको ४४ थान जस्ता र १० केजीको २४०० मिटर पाईप खरिद | वितरण र प्रयोग नखुलेको | ३०६७९७ |
| ९४६, ३।१८ | एच डि पी २० एम एम १० केजी ३७५० मिटर पाईप | वितरण मात्र | १५०००७ |
| ६९९, १।२७ | विभिन्न साईजका पाईप तथा जस्ता र सिमेन्ट खरिद | वितरण मात्र वडा नं ७ मा | २९४३५२ |
| ७०१, १।२७ | विभिन्न साईजका पाईप तथा जस्ता र सिमेन्ट खरिद | वितरण मात्र वडा नं ६ मा | ३५४४८२ |
| ६११, १।६ | विभिन्न साईजका पाईप तथा जस्ता र सिमेन्ट खरिद | वितरण मात्र वडा नं ३ र ५ मा | ७६०९६७ |
| ६००, १२।३० | विभिन्न साईजका पाईप तथा जस्ता र सिमेन्ट खरिद | वितरण मात्र वडा नं ३४ मा | २९२५०५ |
| ५९८, १२।३० | विभिन्न साईजका पाईप तथा जस्ता र सिमेन्ट खरिद | वितरण मात्र | २३६२७८ |
| **जम्मा** | | | **२३९५३८८** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २३,९५,३८८ |

## ६४ नाफामुलक संस्थालाई भुक्तानीः

स्थानीय सरकार संचालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ, प्रदेश तथा स्थानीय सरकारको रकम पुर्वाधार विकास तथा दीर्घकालिन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यबस्था छ । पालिकाले नाफा कमाउने उद्धेश्यले स्थापित संस्थालाई कार्यालय व्यबस्थापन खर्च तथा कार्यक्रम संचालनको खर्च अनुदान निम्न सहकारी संस्था लगायत फर्मलाई भुक्तानी गरेको देखियो । नाफामुलक संस्थालाई रु.१४,०९,६१८।- भुक्तानी भएको अनुदान खर्च नियमसम्मत नभएको रु.

| भौ.नं. र मिति | भुक्तानी पाउँने | प्रयोजन | रकम |
|---|---|---|---|
| ९५१, ३।१८ | रेडियो युनिक एफ एम | रेडियो कार्यक्रम संचालनका लागि एफ एम ट्रान्सफर खरिदको बील भुक्तानी | ४९९९९९ |
| ९४९, ३।१८ | जन आदर्श कृषि बहुउदेश्यीय सहकारी संस्था लि | २०७८।६।७मा सिप्रदी ट्रेडिङबाट खरिद भएको गाडीको बिल भुक्तानी | ७००००० |
| ९३९, ३।१८ | गजुरी फिटनेश सेन्टर | सामान खरिदका विल भुक्तानी | २०९६१९ |
| **जम्मा** | | | **१४०९६१८** |

| | |
|---|---|
| अनियमित भएको | १४,०९,६१८ |

६५ **मासिक सुविधा दोहोरो भुक्तानी**

***४ ..........(प्रारम्भिक प्रतिवेदन उपर दोहोरो भुक्तानी रकम असुल भई पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु.३३,६६०।- सम्परीक्षण गरिएको ।)***

६६ **वितरणमुखी कार्यक्रम**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले योजना तथा कार्यक्रम बनाउँदा आर्थिक विकास, उत्पादनमुलक, रोजगारी श्रृजना हने, स्रोत साधन र शीपको उच्चतम् सदुपयोग हुने र दीर्घकालिन प्रतिफल उपलब्धि हुने खालका योजना तथा कार्यक्रम बनाई लागु गर्नुपर्ने व्यवस्था छ । पालिकाले कार्यक्रम कार्यन्वयनमा वितरणमुखी कार्यक्रमलाई प्राथमिकता निर्धारण गरी संचालन गरेको छ । तसर्थ पालिकाले सरकारी रकमको खर्चमा मितव्ययीता र औचित्यको आधारमा दीर्घकालिन पुँजि बृद्धि गर्ने कार्यक्रमको तर्जुमा गरी कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ । वितरणमुखी कार्यक्रमका केही उदाहरण निम्न बमोजिम रहेको छ ।

| भौ.नं. र मिति | कार्यक्रमको नाम | खर्च रकम |
|---|---|---|
| ३२०, १०।१० | जेष्ठ नागरिकलाई न्यानो झोला र ब्लाङ्केट वितरण | ९८३१०० |
| ९१४, ३।१६ | सुत्केरी पोषण कार्यक्रम | ६००००० |
| ६२२, १।८ | सामुदायिक विकास समाजलाई फर्निचर खरिद बापतको भुक्तानी | ४९ ७७६ |
| ९६६, ३।१९ | बीउ विजन वितरण कार्य | २००००० |

६७ **अनुगमन भत्ताः**

बागमती प्रदेश सरकारद्धारा प्रकाशित स्थानीय तहका पदाधिकारी तथा सदस्यको सेवा सुविधा सम्बन्धि ऐन, २०७५ को (पहिलो संशोधन) मा स्थानीय पदाधिकारीहरुले स्थानीय क्षेत्रभित्रको योजनाहरुको अनुगमन

गर्ने कार्य बापत भत्ता उपलब्ध गराउंने व्यबस्था उल्लेख भएको देखिंदैन । पालिकाले जनप्रतिनिधि तथा कर्मचारीलाई योजना तथा कार्यक्रम अनुगमन बापत प्रति योजनाको रु.१०००।- का दरले निम्नानुसारको अनुगमन भत्ता भुक्तानी गरेको देखियो । अनुगमन गरिएको योजनाहरु तथा कार्यक्रमको प्रतिबेदन समेत संलग्न नगरी ऐन तथा नियममा व्यबस्था नभएको सुविधा भुक्तानी भएको रकम नियमसम्मत देखिएन । यसरी खर्च लेख्दा पालिकालाई थप ब्ययभार पर्न गएको छ ।

| **भौ.नं. र मिति** | **विबरण** | **अनुगमन** | **भत्ता रकम** |
|---|---|---|---|
| ९४६, ३।१८ | बजार अनुगमन | प्रमुख प्रशासकीय अधिकृत राजु अधिकारी लगायत १९ जनालाई | २४१४५७ |
| ८०२, २।१९ | सहकारी संस्थाको अनुगमन | गा पा अध्यक्ष गणेशलाल श्रेष्ठ सहित ८ जनालाई | १५०००० |
| ८०४, २।१९ | विभिन्न योजना अनुगमन | गा पा अध्यक्ष गणेशलाल श्रेष्ठ सहित १६ जनालाई | ३००००० |
| **जम्मा** | | | **६९१४५७** |

६८ **भ्रमण खर्च**

भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले दैनिक भ्रमण खर्च दिनुपूर्व भ्रमण गर्ने उदेश्य स्पष्ट हुनुपर्दछ । भ्रमण गर्नुपर्ने अवस्था भएपछि स्वीकृत भ्रमण आदेश अनुरुप भ्रमण गर्ने पदाधिकारीले भ्रमण गरि कार्यालयमा फर्केको ३५ दिन भित्र भ्रमणको उपलव्धी सहितको प्रतिवेदन पेश गर्नुपर्दछ । यस वर्ष कार्यालयले उपलव्ध गराएको विवरण अनुसार रु. १७ लाख ४६ हजार भ्रमण खर्च भएको छ । भ्रमण खर्च गरेको खर्च सम्वन्धी केही फाँटवारी परीक्षण गर्दा भ्रमण गर्ने पदाधिकारीले भ्रमण प्रतिवेदन पेश नगरेकोले भ्रमणको उपलव्धी मापन गर्न सकिने आधार देखिएन । भ्रमण खर्चलाई आवश्यकताको आधारमा भन्दा सुविधाको आधारमा खर्च लेख्ने परम्पराले सरकारी खर्चको मितव्ययीतामा जोखिम देखियो । यस्तो खर्च गर्ने परिपाटीमा नियन्त्रण गरी अत्यावश्यक कार्यमा मात्र भ्रमण खर्च भुक्तानी गर्नुपर्दछ । अनुगमन तथा भ्रमण खर्च सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्न छन् ।

- भ्रमणको उद्देश्यमा कार्यालय सम्बन्धी काम भनि उल्लेख गरेको छ । तर त्यस्तो काम गरेको प्रमाणित हुने कागजात भ्रमण बिलमा संलग्न गरेको छैन ।
- नियमानुसार भ्रमण अभिलेख खाता नरहेकोले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन सकेन ।
- भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको छ ।
- स्पष्ट प्रयोजन बेगर पदाधिकारी तथा कर्मचारीहरुको ७ दिन सम्मको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी लिने गरेको छ ।

६९ **बढी दरमा बैठक भत्ता**

बागमती प्रदेश सरकारद्धार प्रकाशित स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ को पहिलो संशोधनको अनुसुचि १(क) मा जनप्रतिनिधिले प्रति बैठक रु.१०००।- का दरले बैठक भत्ता पाउने उल्लेख छ । पालिकाले जनप्रतिनिधिको संयोजकत्वमा बसेको विभिन्न मितिको बैठक भत्ता भुक्तानी गर्दा ऐनमा तोकिएको दर भन्दा बढी दरमा भुक्तानी गरेको देखियो । पालिकाले तोकिएको दर भन्दा बढी दरमा भुक्तानी भएको बैठक भत्ता रु.२,५८,४००।- यकिन गरी असुल गर्नुपर्ने रु.

| भौ.नं. र मिति | बैठक | भुक्तानी | बढी भुक्तानी | कर बाहेक |
|---|---|---|---|---|
| ९५८, ३।१९ | कार्यपालिका बैठक पालिका अध्यक्ष गणेशलाल श्रेष्ठको संयोजकत्तमा | १५ जनालाई ५ बैठकको १५०० को दरमा | ३७५०० | ३१८७५ |
| ५३४, १२।२० | राजस्व व्यबस्थापन सेवा प्रवाह सम्बन्धि | पे फ ईश्वर भुजेल<br>४० जनालाई १५०० का दरमा | २०००० | १७००० |
| ३३७, १०।१७ | राजस्व परामर्श समिति बैठक | सन्तोष सापकोटा २१ जनालाई १५०० का दरमा विभिन्न बैठक | १५७५०० | १३३८७५ |
| ३२५, १०।१७ | राजस्व परामर्श समिति बैठक | अमृत पौडेल ११ जनालाई विभिन्न बैठक | ४८५०० | ४१२२५ |
| ३१२, १०।५ | गाउँसभा बैठक | ८१ जनालाई १५००का दरमा | ४०५०० | ३४४२५ |
| **जम्मा** | | | | **२५८४००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,५८,४०० |

७० **शिर्षक फरक**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८(२)क मा स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित खर्च शिर्षकमा परेको यकिन गरेर मात्र खर्च भुक्तानी गर्नुपर्ने व्यबस्था छ । पालिकाले चालु शिर्षकको खर्च भुक्तानीमा कार्यक्रम अनुसारको तोकिएको खर्च शिर्षकबाट खर्च भुक्तानी नगरी कार्यक्रम खर्च शिर्षकलाई बेवास्ता गरी प्राय सबै खर्चहरु असम्बन्धित शिर्षकबाट भुक्तानी गरेको छ । कुन कार्यका लागि कुन शिर्षकबाट कति खर्च भयो भन्न सकिने अवस्था नरहेकोले पालिकाले बार्षिक कार्यक्रम निर्धारण गर्दा बजेटको स्रोतको यकिन गरेर मात्र कार्यक्रम निर्धारण गर्नुपर्दछ।

७१ **कार्यालय समयमा बसेको बैठक भत्ता भुक्तानी**

अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका, २०७७ को बुँदा नं. ७.१.५ मा कार्यालय समय बाहेकको समयमा बसेको बैठकको मात्र बैठक भत्ता प्रदान गर्न सकिने व्यवस्था छ । प्रधानमन्त्री रोजगार कार्यक्रमको पदपूर्ति समितिका पदाधिकारीको देहायका बैठक मिति २०७९।४।३१ गते दिउँसो ३ बजे र मिति २०७९।५।१ गते दिउँसो ४ बजे कार्यालय समयमा नै सम्पन्न गरी भौ.नं. १३।२०७९।५।२७ बाट

रु.१४,०२५।- बैठक भत्ता भुक्तानी गरेको देखियो । कार्यालय समयमा बैठक बसी भुक्तानी भएको उक्त रकम सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु.

| पदाधिकारी तथा कर्मचारी | बैठक संख्या | भत्ता |
|---|---|---|
| नर बहादुर विश्वकर्मा | २ | २५५० |
| सुजन अधिकारी | १ | १२७५ |
| सन्तोष सापकोटा | २ | २५५० |
| अमृत प्रसाद पौडेल | २ | २५५० |
| शिव प्रसाद पौडेल | २ | २५५० |
| विवेक भण्डारी | १ | १२७५ |
| सुनिल यादव | १ | १२७५ |
| **जम्मा** | | **१४०२५** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १४,०२५ |

## ७२ सोझै खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ मा खरिद कार्य गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा गरी गर्न नहुने तथा सोही नियमावलीको नियम ८५(१ख) मा एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी उल्लेखित सिमा भन्दा बढी रकमको एउटै व्यक्ती, फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले बार्षिक कार्यक्रम अनुसार खरिद योजना तयार गरी मिल्दो खरिद कार्यको प्याकेज बनाई सिलबन्दी दरभाउपत्र र बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा मसलन्द तथा कार्यालय सामाग्री खरिद कार्य गर्दा नियम बिपरित टुक्रा पारी रु२९,०३,०००।- को मसलन्द तथा कार्यालय सामाग्री सोझै खरिद गरेको देखियो । खरिद कार्यलाई थप प्रभावकारी बनाउंन प्रतिस्पर्धात्मक विधिबाट खरिद गरी खर्च लेख्नुपर्दछ।

## ७३ पत्रपत्रिका विज्ञापन छपाई

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(६) मा सरकारी रकम खर्च गर्दा मितव्ययीता, प्रभावकारीता, कार्यदक्षता र औचित्य समेत कायम गर्न आवश्यक व्यबस्था मिलाउनु पर्ने व्यबस्था छ । पालिकाले यस बर्ष पत्रपत्रिका तथा विज्ञापन छपाईमा मात्र रु.३८,००,०००।खर्च गरेको छ । खर्च न्यूनिकरणका लागि सार्वजनिक खरिद ऐन तथा नियमावलीले तोकीएको व्यबस्था अनुसार प्रतिस्पर्धाको माध्यमबाट बार्षिक रुपमा सेवा खरिदको सम्झौता गरी कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

## ७४ जिन्सी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०३(१) मा कुनै कर्मचारी सरुवा बढुवा तथा अवकास हुँदा वा अन्य कुनै कारणले आफु कार्यरत कार्यालय छोडी जाँदा वा सो कामबाट अलग हुँदा आफ्नो जिम्मामा रहेको नगद वा जिन्सी मालसामान बर बुझारथ गर्नुपर्ने व्यबस्था रहेको छ । प्राप्त विबरण अनुसार मिति २०७८।८।२१ मा रमाना भएका लेखापाल हिरालाल केसीले १ थान टयाव र पुर्व जनप्रतिनिधि वडा नं ८ का वडा अध्यक्ष राज कुमार ढुंगानाले १ थान ल्यापटप बरबुझारथ गरेको देखिएन । तसर्थ उल्लेखि जिन्सी सामान फिर्ता गरी जिन्सी व्यबस्थापन अद्यावधिक गर्नुपर्दछ ।

## ७५ पेश्की फस्योंट

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तीले सरकारी रकम खर्च गर्दा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको यकिन गरेर मात्र भुक्तानी दिनुपर्ने व्यबस्था छ । भौ.नं. ७२६ बाट वडा नं १ का कृतिका खतिवडाको रु.३,००,०००।- पेश्की फस्योंट गर्दा फाँटवारीमा रु.१,७२,५०३।- को जनश्रम, प्रयोजन नखुलेको तेल, चिनी, चामल लगायतका सामानको टुक्रा रु.१,२८,९८०।- बील संलग्न गरेको छ । पदाधिकारीलाई पेश्की दिनु अगावै पेश्कीको प्रयोजन यथार्थपरक भएको यकिन गरेर मात्र दिनुपर्दछ । बीना प्रयोजन पेश्की लिने र असम्बन्धित बिल भर्पाई राखी पेश्की फस्योंट गर्ने कार्यले वित्तीय अनुसाशन हुने देखिंदैन । यस सम्बन्धमा स्पष्ट हुनुपर्दछ ।

# अनुसूचीहरू

अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

**आर्थिक बर्षः २०७९/८०**

**कार्यालय र स्थान : गजुरी गाउँपालिका, धादिङ ।**

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | *Nar Bahadur Bishokarma* | २०७९-४-१७ | २०७९-६-९ |
| कार्यालय प्रमुख | लाल बहादुर योगी | २०७९-६-१३ | २०७९-१०-१७ |
| कार्यालय प्रमुख | राजु अधिकारी | २०७९-१०-१८ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | *Dhruba Prasad Sapkota* | २०७८-१२-१४ | २०७९-४-२३ |
| लेखा प्रमुख | *Amrit Parsad Paudel* | २०७६-१-४ | हाल सम्म कार्यरत |

**बेरुजु वर्गीकरणः**

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ११,७३४,९७४.६५ | ६,२११,९५३ | १८,१३२,००९ | ० | ० | ३९०,००० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ३६,४६८,९३६.६५ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ७२,७०६ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ३६,३९६,२३०.६५ |

**स्थानीय तह :**

| | |
|---|---|
| **गत बर्षको जिम्मेवारी** | ४३०९७७४७.५७ |

| आम्दानी | | खर्च | |
|---|---|---|---|
| संघीय सरकारबाट अनुदान | ३३९६४२२११.५७ | चालु खर्च | ३७५०९०४४१.१९ |
| प्रदेश सरकारबाट अनुदान | ५९१६१६६४ | पूँजीगत खर्च | १६३००९१९५.१६ |
| राजश्व बाँडफाँट | १२४७२३८५५.०८ | वित्तीय/अन्य व्यवस्था | १३१९२२२२६.७५ |
| आन्तरिक आय | १४६७०९३२.०३ | | |
| अन्य आय | १३७०२०२६१.५ | | |
| कुल आय | ६७५२१८९२४.१८ | कुल खर्च | ६७००२१८६३.१ |
| बाँकी मौज्दात | | ४८२९४८०८.६५ | |